# कोशी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
## (आ.व.२०८१/८२)




कोशी प्रदेश

## नेपाल राष्ट्र बैंक
### विराटनगर कार्यालय
(२०८२ कात्तिक)

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले स्थापनाकालदेखि नै वित्तीय क्षेत्रको विकास र आर्थिक स्थायित्वका साथै देशको समग्र आर्थिक विकासमा अग्रणी भूमिका खेल्दै आएको छ । देवकोटा चोक, विराटनगरस्थित आफ्नो कार्यालयबाट विभिन्न कार्यहरु गर्दै आएको नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले हाल बैंकिङ कारोबार, मुद्रा व्यवस्थापन, प्रदेश सरकारको खाता व्यवस्थापन, आर्थिक गतिविधि तथा विशेष अध्ययनका क्षेत्रहरुमा कार्य गर्दै आईरहेको छ । कोशी प्रदेशको आर्थिक गतिविधि अध्ययनको लागि यस प्रदेश अन्तर्गतका सबै १४ जिल्लाहरुमा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाई, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवा र वित्तीय सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था, ती क्षेत्रहरुमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८१/८२ को प्रादेशिक वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन, २०७९)"** मा आधारित भई तयार पारिएको छ । प्रतिवेदन तयारीका क्रममा कोशी प्रदेशका ८ जिल्लाहरुबाट स्थलगत तथा ६ जिल्लाहरुबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क सङ्कलन गरिएको छ भने आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीयक तथ्याङ्कहरु प्रयोग गरी विभिन्न क्षेत्रहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरी अर्थतन्त्रका क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी विश्लेषण गरिएको छ । त्यसैगरी, यस प्रतिवेदनमा विषयवस्तुको सान्दर्भिकता प्रस्तुत गर्न व्यावसायिक फर्मबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरी Case Study समेत समावेश गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा आगामी परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, निर्देशनालय एवम् सम्बन्धित परियोजना/औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनुहुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका अधिकृत तथा कर्मचारीहरु उप-निर्देशक श्री अच्युत कुमार थापा, सहायक निर्देशकद्वय श्री सुनिल अधिकारी र श्री देवकान्त मण्डल प्रधान सहायकहरू श्री नवदिप साह, झलेन्द्र पोखरेल, सुमन मैनाली, सुशिला थापा र रुपेशमणि भट्टराई लाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**शैलेन्द्र रेग्मी**
**निर्देशक**

# विषय सूची


**परिच्छेद १ : अध्ययन परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन १

१.३ अध्ययनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

**परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति** **३**

२.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तरप्रदेश तुलना ३

२.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती ४

**परिच्छेद ३ : कृषि क्षेत्र** **७**

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ७

३.२ कृषि उत्पादन ९

३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन १३

३.४ सिँचाइ तथा मौसम १५

३.५ क्षेत्रगत कृषि कर्जा १६

३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना १७

**परिच्छेद ४: उद्योग क्षेत्र** **२१**

४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी २१

४.२ क्षेत्रगत औद्योगिक कर्जा २३

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना २४

**परिच्छेद ५: सेवा क्षेत्र** **२६**

५.१ पर्यटन २६

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट २७

५.३ वित्तीय सेवा २८

५.४ यातायात तथा सञ्चार ३४

५.५ शिक्षा तथा स्वास्थ्य ३५

५.६ सेवा क्षेत्र कर्जा ३६

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ३७

**परिच्छेद ६: पूर्वाधार र रोजगार** **३९**

६.१ पूर्वाधार क्षेत्र ३९

६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ४३

६.३ रोजगारी ४४

६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना ४५

**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** **४७**

७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति ४७

७.२ कोशी प्रदेशका स्थानीय तहहरूको बजेट कार्यान्वयनको स्थिति* ४८

७.३ कोशी प्रदेशका स्थानीय तहको आ.व. २०८२/८३ को बजेट ५०

**परिच्छेद ८ : आर्थिक परिदृश्य** **५१**

८.१ कृषि उत्पादन ५१

८.२ औद्योगिक उत्पादन ५१

८.३ सेवा क्षेत्र ५१

८.४ पूर्वाधार क्षेत्र ५२

# तालिकाहरूको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर | ३ |
| तालिका २.२ | प्रादेशिक आर्थिक परिसूचकहरू | ४ |
| तालिका ३.१ | खाद्य बालीहरूले ढाकेको क्षेत्रफलको अवस्था | ८ |
| तालिका ३.२ | कृषि बालीले ढाकेको जिल्लागत भू-क्षेत्र | ९ |
| तालकि ३.३ | खाद्य नगदे तथा अन्य बालीको उत्पादन,कुल उत्पादनमा हिस्सा र उत्पादकत्व अवस्था | ११ |
| तालिका ३.४ | कृषि बालीको जिल्लागत उत्पादन अवस्था | १२ |
| तालिका ३.५ | प्रमुख पशपुन्क्षीजन्य उत्पादनको अवस्था | १३ |
| तालिका ३.६ | काठ उत्पादनको जिल्लागत अवस्था | १४ |
| तालिका ३.७ | सिँचाइको जिल्लागत अवस्था | १५ |
| तालिका ३.८ | सिँचाइको स्रोतको अवस्था | १६ |
| तालिका ३.९ | कृषि कर्जाको क्षेत्रगत अवस्था | १६ |
| तालिका ४.१ | उद्योगको उत्पादन अवस्था | २२ |
| तालिका ४.२ | औद्यौगिक रोजगारीको अवस्था | २३ |
| तालिका ४.३ | औद्योगिक कर्जाको क्षेत्रगत अवस्था | २३ |
| तालिका ५.१ | कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था | २७ |
| तालिका ५.२ | घरजग्गा रजिष्ट्रेशन र राजश्वको जिल्लागत अवस्था | २७ |
| तालिका ५.३ | कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २८ |
| तालिका ५.४ | कोशी प्रदेशका जिल्लाहरूमा निक्षेप परिचालनको स्थिति | २८ |
| तालिका ५.५ | क्षेत्रगत कर्जाको अंश | २९ |
| तालिका ५.६ | कोशी प्रदेशका जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्रवाहको स्थिति | २९ |
| तालिका ५.७ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | ३० |
| तालिका ५.८ | कुल कर्जाको तुलनामा हिस्सा | ३१ |
| तालिका ५.९ | कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्णकर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | ३१ |
| तालिका ५.१० | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको अवस्था | ३३ |
| तालिका ५.११ | परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | ३३ |
| तालिका ५.१२ | सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था | ३६ |
| तालिका ५.१३ | कोशी प्रदेशमा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या | ३६ |
| तालिका ५.१४ | सेवा क्षेत्र कर्जाको क्षेत्रगत अवस्था | ३७ |
| तालिका ६.१ | कोशी प्रदेशमा बैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण | ४४ |
| तालिका ६.२ | रोजगार कार्यक्रम कार्यान्वयनको जिल्लागत अवस्था | ४५ |
| तालिका ७.१ | कोशी प्रदेश सरकारको वित्त स्थिती | ४७ |
| तालिका ७.२ | कोशी प्रदेशका स्थानीय तहको वित्त स्थिति | ४८ |

# चार्टहरूको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| चार्ट ३.२ | प्रमुख खाद्य बालीको उत्पादन स्थिति | १० |
| चार्ट ३.३ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | १७ |
| चार्ट ४.१ | उद्योगको क्षमता उपयोगको अवस्था | २१ |
| चार्ट ५.१ | निक्षेप तथा कर्जा स्थिति | ३८ |
| चार्ट ५.२ | सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर | ३२ |
| चार्ट ५.३ | यातायातका साधनको संख्या | ३४ |
| चार्ट ५.४ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था | ३५ |
| चार्ट ६.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता) | ३९ |
| चार्ट ७.१ | आ.व. २०८१/८२ मा कोशी प्रदेशका स्थानीय तहको कुल प्राप्तीको संरचना | ४९ |
| चार्ट ७.२ | कोशी प्रदेशका स्थानीय तहको बजेट आकार | ५० |

# सारांश

## प्रदेशको समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ४.६ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेको संसोधित अनुमान छ ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा कृषि,उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.२ प्रतिशत, १२.८ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

३. आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको आर्थिक वृद्धि (उपभोक्ता मूल्यमा) ३.३४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्ष आर्थिक वृद्धि ३.३१ प्रतिशत भएको संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.०५ प्रतिशत, १६.१० प्रतिशत र ४९.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

## कृषि

१. आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.८० प्रतिशतले घटेको छ । आ.व. २०८१/८२ मा जौं, फापर, कोदो, दलहन, गहुँ, स्याउ, अन्य फलफुल, मकै, तेलहन, भटमास, सुन्तला, अदुवा र अन्य मसला लगायत बालीले ढाकेको क्षेत्रफल घटेकोले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल घटेको देखिन्छ ।

२. कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफल ८७.४६ प्रतिशत, तरकारी बालीको ५.२५ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल ७.२९ प्रतिशत रहेको छ । कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८१.४२ प्रतिशत रहेको छ ।

३. आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन २.१४ प्रतिशतले वृद्धि भएको छ । विशेष गरी खाद्य बाली अन्तर्गत धान २.१६ प्रतिशत, मकै ९.२४ प्रतिशत तथा उखु ४.२४ प्रतिशतले बढेकाले समग्र कृषि बालीको उत्पादन वृद्धि भएको देखिन्छ ।

४. अघिल्लो आर्थिक वर्षको तुलनामा आ.व. २०८१/८२आर्थिक वर्षमा तरकारीको उत्पादन १.२१ प्रतिशत, फलफुलको उत्पादन १.७३ प्रतिशत, कफीको उत्पादन १५.४९ प्रतिशत तथा महको उत्पादन ८.४७ प्रतिशतले बढेको छ भने चियाको उत्पादन ०.९३ प्रतिशत र मसलाको उत्पादन ०.१० प्रतिशतले घटेको छ ।

५. आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७.०३ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३७.५५ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा कुल सिञ्चित क्षेत्रफल १.५६ प्रतिशतले विस्तार भएको छ ।

६. आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा दुध उत्पादन १२.४७ प्रतिशत, मासु उत्पादन २.०३ प्रतिशतले घटेको छ भने अण्डा उत्पादन ३.९१ प्रतिशत, माछा उत्पादन १२.४९ प्रतिशत तथा उनको उत्पादन १०.५० प्रतिशतले बढेको छ ।

७. आर्थिक वर्ष २०८१/८२ मा काठको उत्पादन २.६ प्रतिशतले बढेको छ ।

८. २०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ६.०२ प्रतिशतले घटेर रु.५६ अर्ब ३० करोड पुगेको छ ।

**उद्योग**

१. आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरूको औसत क्षमता उपयोग ५०.८० प्रतिशत रहेको छ । अर्थिक वर्ष २०८०/८१ मा उक्त उद्योगहरूको औसत क्षमता उपयोग ५२.५९ प्रतिशत रहेको थियो ।

२. उत्पादित वस्तु अनुसार आ.व. २०८१/८२ मा टायर तथा ट्यूव उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९०.७० प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.४ प्रतिशत रहेको छ ।

३. आर्थिक वर्ष २०८१/८२ मा यस अध्ययनमा समेटिएका उद्योगहरूको उत्पादनमध्ये भटमासको तेलको उत्पादन सबैभन्दा बढी १४४९ प्रतिशतले बढेको छ भने घरेलु धातुका सामानको उत्पादन सबैभन्दा बढी ७४.३ प्रतिशतले घटेको छ ।

४. यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४३ वटा उद्योगहरूमा गत आ.व. २०८०/८१ मा १६,९५८ जना श्रमिक कार्यरत रहेकोमा आ.व. २०८१/८२ आर्थिक वर्षमा ती उद्योगहरूमा जम्मा १७,३३२ जना श्रमिक कार्यरत रहेका छन् जुन गत वर्षको सोही अवधिको तुलनामा २.२१ प्रतिशतले बढी हो ।

५. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा कुल औद्योगिक कर्जा १५.०३ प्रतिशतले बढेर रु.१ खर्ब ६० अर्ब कायम भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा ८.११ प्रतिशतले बढेको थियो ।

**सेवा**

१. २०८२ असार मसान्तमा यस प्रदेशमा वाणिज्य बैंकका ७६३, विकास बैंकका १९६, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८५६ गरी जम्मा १,८५१ शाखा पुगेका छन् ।

२. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १५.७२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५३ अर्ब र प्रवाह गरेको कर्जा ५.९५ प्रतिशतले वृद्धि भई रु.६ खर्ब १३ अर्ब पुगेको छ ।

३. २०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ७.१४ प्रतिशत, बचत निक्षेपको अंश ५०.८४ प्रतिशत, मुद्दती निक्षेपको अंश ३६.०२ प्रतिशत र अन्य निक्षेपको अंश ६.०० प्रतिशत रहेको छ ।

४. आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशका नमुना छनोटमा परेका होटलहरूको औसत अकुपेन्सी दर ४२.५३ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको तुलनामा ५.१४ प्रतिशतले बढेको देखिएको छ । अघिल्लो आर्थिक वर्षमा उक्त होटलहरूको औसत अकुपेन्सी दर ४०.४५ प्रतिशत रहेको थियो ।

५. आ.व. २०८१/८२ मा छनोटमा परेका होटलहरूमा आन्तरिक पर्यटकको संख्या १०.२७ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १५.९३ प्रतिशतले बढेको थियो ।

६. आ.व. २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या ०.६ प्रतिशतले कमी आएको छ ।

७. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा सहकारी संस्थाको कुल पुँजी २.८ प्रतिशतले बढेको छ । २०८१ असार मसान्तमा सहकारी संस्थाको पुँजी ३.७ प्रतिशतले वृद्धि भएको थियो ।

८. आ.व. २०८१/८२ मा यस प्रदेशमा कुल ५१ हजार १ सय ३४ सवारी साधन दर्ता भएका छन् । जुन आ.व. २०८०/८१ को तुलनामा ३४.१३ प्रतिशतले बढी हो ।

९. २०८२ असार मसान्तमा कोशी प्रदेशमा सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी र प्राविधिक शिक्षालयको संख्या कुल ७ हजार ५२ रहेको छ ।

१०. २०८२ असार मसान्तमा कोशी प्रदेशमा सरकारी र निजी गरी कुल अस्पताल संख्या १७५ रहेका छन् । २०८१ असार मसान्तमा यस्ता अस्पतालको संख्या १६३ रहेको थियो ।

११. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ४.०० प्रतिशतले बढ्न गई रु.३ खर्ब ५४ अर्ब पुगेको छ ।

## पूर्वाधार

१. कोशी प्रदेशमा सञ्चालित विद्युत आयोजनाहरूको कुल उत्पादन क्षमता ७८७.७५ मेगावाट रहेको छ । आ.व. २०८१/८२ मा कोशी प्रदेशमा निर्माण सम्पन्न भएका १० वटा जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता १३४.२ मेगावाट रहेको छ ।

२. कोशी प्रदेशमा सञ्चालित जलविद्युत आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सञ्चालित जलविद्युत आयोजनाहरूको सबैभन्दा बढी २५७.४३ मे.वा. विद्युत उत्पादन क्षमता रहेको छ । यस प्रदेशका जिल्लाहरूमध्ये इलाममा १७ वटा, संखुवासभामा १० वटा, सोलुखुम्बुमा ८ वटा, पाँचथर र ताप्लेजुङमा ७ वटा, पाँचथरमा ५ वटा, ओखलढुङ्गामा, खोटाङ र भोजपुरमा ३/३ वटा तेह्रथुममा १ वटा जलविद्युत आयोजना रहेका छन् भने झापा र मोरङमा १/१ वटा सोलार विद्युत आयोजना रहेका छन् ।

३. कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको विराटचोक-घिनाघाट सडक आयोजनाको आ.व. २०८१/८२ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ असार मसान्तसम्म प्याकेज १ को भौतिक तथा वित्तीय प्रगति क्रमशः ९८.० प्रतिशत र ८९.० प्रतिशत रहेको तथा प्याकेज-२ र प्याकेज-३ अन्तर्गतको सडक खण्डको निर्माण सम्पन्न भएको छ ।

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा परिवर्तन भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यले यस बैंकले प्रदेशस्थित कार्यालयहरूमार्फत प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश र स्थानीय सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशित गर्दै आएको छ । कोशी प्रदेशका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । आर्थिक वर्ष २०८१/८२ को प्रस्तुत वार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित भएर तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

यस कार्यालयले कोशी प्रदेशमा रहेका १४ जिल्लाहरुको आर्थिक वर्ष २०८१/८२ को समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगतिका आधारमा यो वार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना, समस्या एवम् चुनौतीहरू समेत समावेश गरिएको छ । यसका अतिरिक्त आ.व. २०८१/८२ को स्थिति तथा चालु आर्थिक वर्ष २०८२/८३ को बाँकी अवधिमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य समेत समावेश गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय र डिभिजन वन कार्यालयबाट सङ्कलन गरिएको छ । औद्योगिक क्षेत्रतर्फ उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका ४३ उद्योगहरूको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा रजिष्ट्रेसन संख्या र सो वापतको राजस्व रकम, बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंकको Supervisory Information System (SIS) का आधारमा तयार गरिएको छ । घरजग्गा नक्सा पाससम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशका राष्ट्रिय गौरव, प्रदेश गौरव र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने आयोजनाहरूबाट लिइएको छ । यातायात सेवातर्फ, सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयहरूबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका नमुना छनौट परेका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ भने संक्षिप्त अध्ययनका लागि सम्बन्धित फर्म/कम्पनीको स्थलगत भ्रमण गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क तथा सूचना सङ्कलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । विशेष गरी आ.व. २०८१/८२ अवधिभरिमा भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरू देहाय बमोजिम रहेका छन् ।

१. यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरूबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।

२. प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले जिल्लागत रुपमा, घरनक्सा पास तथा वित्त स्थितिका लागि केही स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ ।

३. "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" मा तोकिएका ४३ उद्योगहरु, १० होटलहरु र १० सहकारी संस्थाहरुबाट मात्र तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" मा आधारित भएर तयार पारिएको छ । यो प्रतिवेदनको समग्र ढाँचा उक्त मार्गदर्शनले तोके बमोजिम रहेको छ । यस प्रतिवेदनमा ८ परिच्छेदहरू रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा कोशी प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ४.६१ प्रतिशत र आधारभुत मूल्यमा ३.९९ प्रतिशत रहने अनुमान रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६१ खर्ब ७ अर्ब रहने अनुमान गरेको छ। आ.व. २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ३.६७ प्रतिशत र आधारभुत मूल्यमा ३.३६ प्रतिशतले विस्तार भएको संसोधित अनुमान रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.१६ प्रतिशत, १२.८३ प्रतिशत तथा ६२.०१ प्रतिशत रहने अनुमान रहेको छ ।

**तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)**

| क्षेत्र | २०८०/८१^सं^ | २०८१/८२^प्रा^ |
|---|---|---|
| कृषि क्षेत्र | ३.३५ | ३.२८ |
| उद्योग क्षेत्र | ०.११ | ४.५३ |
| सेवा क्षेत्र | ४.३५ | ४.२१ |
| **आर्थिक वृद्धिदर** | **३.३६** | **३.९९** |

**तालिका २.२ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)**

| क्षेत्र | २०८०/८१^सं^ | २०८१/८२^प्रा^ |
|---|---|---|
| कृषि क्षेत्र | २४.६७ | २५.१६ |
| उद्योग क्षेत्र | १२.०३ | १२.८३ |
| सेवा क्षेत्र | ६२.२९ | ६२.०१ |

*सं : संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान,*
*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ३.३४ प्रतिशत रहने अनुमान रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.९ खर्ब ७० अर्ब ७४ करोड पुग्ने अनुमान छ। आ.व. २०८१/८२ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.०५ प्रतिशत, १६.१० प्रतिशत र ४९.८५ प्रतिशत रहने अनुमान छ । कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आ.व. २०८१/८२ मा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कोशी प्रदेशको अंश क्रमशः २१.५१ प्रतिशत, १९.९४ प्रतिशत र १२.७८ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.९० प्रतिशत रहने अनुमान रहेको छ । त्यसैगरी बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.५२ प्रतिशत रहने अनुमान रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१९ प्रतिशत रहने अनुमान रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.५१ प्रतिशत रहने अनुमान रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२४ प्रतिशत रहने अनुमान रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.६८ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.१३ प्रतिशत रहने अनुमान रहेको छ। सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.३९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.९८ प्रतिशत रहने अनुमान रहेको छ।

तालिका २.२ : प्रादेशिक आर्थिक परिसूचकहरू (आर्थिक वर्ष २०८१/८२)

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु. अर्बमा) | ९७०.७४ | ८०३.९७ | २२३०.२३ | ५४८.१६ | ८६८.९० | २५५.५९ | ४२९.६३ | ६१०७.२२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९० | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५० | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | ४.६१ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५१ | १९.२२ | १७.१२ | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.९४ | १०.९३ | ३१.६८ | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७८ | ११.१७ | ४५.३९ | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | १००.०० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३४.०५ | ३६.७३ | ११.८० | २७.१० | ३१.०२ | ३१.५० | ३४.७२ | २५.१६ |
| उद्योग क्षेत्र | १६.१० | १०.६६ | ११.१३ | १७.१३ | १३.९५ | ९.५८ | १२.५३ | १२.८३ |
| सेवा क्षेत्र | ४९.८५ | ५२.६१ | ७७.०७ | ५५.७७ | ५५.०२ | ५८.९१ | ५२.७५ | ६२.०१ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### २.३.१ प्रादेशिक क्षमता तथा सम्भावनाहरु

१. कोशी प्रदेश भारत र चीन दुवै देशसँग सीमाना जोडिनुको साथै यहाँ रहेका कोशी तथा मेची राजमार्गले दुवै छिमेकी मुलुकसम्मको पहुँच सहज बनाएकोले उद्योग तथा कलकारखानाहरू स्थापना गर्न विदेशी लगानी आकर्षित गरी व्यापारिक कारोबार वृद्धि गर्न तुलनात्मक रुपमा सहज रहेको ।

२. कोशी प्रदेशमा भएका हिमश्रृंखला, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष, छोटो दुरी मै विविधता झल्कने जलवायु र पर्याप्त जैविक विविधता का साथमा सुविधा सम्पन्न होटल तथा क्यासिनोहरूले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जन गर्न सकिने ।

३. जैविक विविधताले भरिपूर्ण यस पदेशमा पर्या-पर्यटनको सम्भावना उच्च रहेको तथा यस क्षेत्रमा ठूलो संख्यामा आउने भारतीय पर्यटकहरुलाई विविध पर्यटकीय सेवाहरु उपलब्ध गराई विदेशी मुद्रा आर्जन गर्न सकिने ।

४. यस प्रदेशमा धार्मिक महत्वका हलेसी महादेव, धर्तीको पहिलो तीर्थ मानिने बराह क्षेत्र, पाथिभरा देवी लगायतका अनगिन्ती मठ मन्दिर, धार्मिक तथा ऐतिहासिक क्षेत्र रहेकाले पर्यटन पूर्वाधारमा लगानी गरी ठुलो संख्यामा हिन्दु तथा बौद्धमार्गीहरूको बसोवास रहेका भारतका आसाम, मेघालय, पश्चिम बंगाल लगायतका अन्य क्षेत्रबाट धार्मिक पर्यटकलाई भित्र्याउन सकिने ।

५. कोशी प्रदेश विद्युत उत्पादनका लागि सबैभन्दा बढी क्षमता भएको प्रदेश हो । जलविद्युत आयोजनाहरूको निर्माणबाट रोजगारी सिर्जना, उर्जाको आपूर्ति, आम्दानीमा वृद्धि तथा निर्यातवाट विदेशी मुद्राको आर्जन गर्न सकिने ।

६. यस क्षेत्रमा खाद्यान्न, फलफूल, तरकारी र केही नगदे बाली जस्तै चिया, अलैंचीको उत्पादन गर्न पूर्वाधार क्षेत्रको विकास, लगानी विस्तार, आधुनिक प्रविधिको प्रयोग, सामुहिक खेती प्रणालीको अवलम्बन गरी कृषि क्षेत्रको

व्यवसायीकरण गर्न र बजारको सुनिश्चितता गर्न सकेमा कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन तथा कृषि उपज निर्यात समेत गर्न सकिने ।

७. यस क्षेत्रमा किवी, एभोकाडो, ड्रागन फ्रुट जस्ता उच्च मुल्यका फलफूल उत्पादनको उच्च सम्भावना रहकोले किसानहरूलाई व्यावसायिक सिप तथा तालिम प्रदान गरी उत्पादकत्व बढाइ किसानको आय आर्जन बढाउनुका साथै विदेश निर्यात गर्न सकिने देखिन्छ ।

८. यस प्रदेशका अधिकांश जिल्लाहरूमा यातायात सहज भएकाले पहाडी र हिमाली भेगमा उत्पादन हुने चिज, छुर्पि, पनिर लगायतका दुग्धजन्य पदार्थको उत्पादन गर्ने उद्योगको स्थापना गर्न सके बजारको विस्तार हुनुका साथै यस क्षेत्रका वनबाट जडिबुटिहरूको पहिचान गरी जडिबुटिमा आधारित उद्योग, कलकारखाना स्थापना गरी रोजगारी सिर्जना गर्न सकिन ।

९. यस प्रदेशमा कृषि बाली तथा पशुधन बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके व्यावसायिक कृषि तथा पशुपालन व्यवसायमा विद्यमान रहेको जोखिम न्यूनीकरण भई यस क्षेत्रमा आकर्षण बढ्न सक्ने ।

१०. यस प्रदेशमा अवस्थित निरन्तर रुपमा जल प्रवाह हुनसक्ने ठुला नदीनालाहरूको आसपासमा जलाशय निर्माण गरी सिँचाइ क्षेत्रको विस्तारका साथै जल यातायात, माछापालन, जल पर्यटन/मनोरञ्जन आदिको विकास गर्दै बहुआयामिक फाइदा लिन सकिने ।

११. मुलुककै औद्योगिक क्षेत्रको उत्पादनमा कोशी प्रदेशको उद्योग क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको सन्दर्भमा सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औद्योगिक उत्पादनले आयात प्रतिस्थापन तथा निर्यात व्यापार प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउन सक्ने ।

१२. यस प्रदेशका प्रमुख व्यापारिक केन्द्रहरुमा रहेका ठुला अस्पतालहरुमा उपचारका लागि भारत तथा बंगलादेशबाट धेरै नागरिकहरु आउने गरेकोले यसबाट विदेशी मुद्रा आर्जन गर्न सकिने ।

१३. एशियाली राजमार्ग स्तरोन्नति पश्चात यातायात सहज हुन गई वस्तु तथा सेवाको लागत कम भई उत्पादकत्व बढाउन सकिने साथै वस्तु तथा सेवाको बजारीकरणको लागि सहजता पुग्न जाने ।

१४. कृषि, उद्योग, वाणिज्य, व्यापार, बैकिङ, सेवा, पूर्वाधार लगायतका क्षेत्रहरुमा सूचना प्रविधि तथा अहिलेको ए.आई. प्रविधिको प्रयोगलाई बढाई उत्पादकत्व बढाउन सकिने ।

### २.३.२ प्रादेशिक चुनौतीहरु

१. यस प्रदेशमा रहेका नदीनालाहरूमा बर्षाको समयमा आउने बाढी तथा पहाडी क्षेत्रमा पहिरो जाने जस्ता प्राकृतिक विपत्तिबाट ठुलो धनजनको क्षति हुने भएकोले यस्ता प्राकृतिक प्रकोपबाट क्षति न्यूनीकरण गर्नुका साथै यसको रोकथाम तथा व्यवस्थापन गर्नु ।

२. भारतसँगको खुला सिमानाका कारण बस्तु तथा सेवाको अवैध रुपमा हुने चोरी पैठारीका कारण नेपालमा नै उत्पादन हुने वस्तु तथा सेवाहरुको बिक्री वितरणमा कमी र स्थानिय व्यापारीहरुको व्यापार खस्किनुका साथै राजश्व सङ्कलनमा समेत बाधा पुग्ने हुनाले अवैध चोरी निकासी नियन्त्रण गर्नु ।

३. हाल विश्वव्यापी रुपमा रहेको जलवायु परिवर्तनका फलस्वरुप देखिएका अतिवृष्टि, अनावृष्टि र अल्पवृष्टि जस्ता समस्याहरूका कारणले यस क्षेत्रका किसानहरूले समयमा नै बाली लगाउन नपाउने, लगाएको बाली नष्ट हुने तथा विभिन्न समयमा पशुपंक्षीमा महामारीको रुपमा फैलने रोगका कारण कृषि उत्पादकत्व घट्न गई किसानले

ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने हुँदा बाली तथा पशुपन्क्षीको बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी किसानलाई आर्थिक राहत उपलब्ध गराउनु ।

४. राष्ट्रिय गौरवका आयोजना, प्रादेशिक गौरवका आयोजना लगायत अन्य ठुला परियोजनाहरूको निर्माण कार्यमा आउने गरेका जग्गा अधिग्रहणमा मुआब्जा, यातायातको पहुँच, विद्युतको नियमित आपूर्ति, स्थानिय जनसहभागिता, आदि मुद्दाहरुलाई समयमा नै सम्बोधन गरी आयोजनाहरु निर्माण सफलतापूर्वक सम्पन्न गर्नु ।

५. सूचना तथा तथ्याङ्कको व्यवस्थापनलाई प्रभावकारी बनाउन कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रदायक निकायहरूमा सूचना तथा तथ्याङ्कको अभिलेख प्रणालीको अभावले तथ्याङ्कमा एकरुपता नहुनु, तथ्याङ्क प्राप्तिमा कठिनाई, तथ्याङ्कको विश्वसनीयता नहुने भएकोले तथ्याङ्क प्रदायक निकायहरूमा सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख प्रणाली तयार गर्नु ।

६. तराई क्षेत्रमा उपलब्ध सुविधा उपभोगका लागि पहाडी भेगबाट तराई भेगमा हुने अत्यधिक बसाई सराईले पहाडी क्षेत्रमा जनशक्तिहरुको अभाव हुने तथा तराईका जिल्लाहरुमा अव्यवस्थित शहरीकरण हुने भएकोले पहाडी भेगमा समेत सुविधाहरु उपलब्ध गराउनु ।


७. बढ्दो साईबर क्राईम तथा अनलाईन बैंकिङ ठगीलाई निर्मुल पार्नु ।

# परिच्छेद ३ : कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल १० लाख १२ हजार ३ सय ३९ हेक्टर कायम भएको छ । जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८० प्रतिशतले कम हो । कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८७.४६ प्रतिशत, तरकारी तथा बागवानी बालीको हिस्सा ५.२५ प्रतिशत, फलफूलको हिस्सा २.९७ प्रतिशत, मसला बालीको हिस्सा २.७७ प्रतिशत र चिया तथा कफीको हिस्सा १.५५ प्रतिशत रहेको छ। कृषि उपजले ढोकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७१.६० प्रतिशत रहेको छ। अन्य बालीले ढाकेको क्षेत्रफल अन्तर्गत आलु, उखु, सनपाट, सुर्ती, भटमास, तेलहन र दलहन बालीहरू पर्दछन् ।

**चार्ट ३.१ : पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र (हे. हजारमा)**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.१.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ८ लाख ८५ हजार ३ सय ८९ हेक्टर कायम भएको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.२६ प्रतिशतले कम हो । आर्थिक वर्ष २०८१/८२ मा धान, आलु तथा उखु बालीले ढाकेको क्षेत्रफल क्रमश: १.४८, ०.२९ र २.१९ प्रतिशतले बढेको छ भने जौं, फापर, गहुँ, मकै, कोदो, तेलहन, दलहन र अन्य खाद्यान्न बालीले ढाकेको क्षेत्रफल क्रमश : २९.४५, २३.१०, ९.२६, ३.५१, १८.०८, २.५४, १०.०४ र १.२३ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा धान, मकै र कोदोको उत्पादन क्रमश: २.४७, १.३५ र ५.०८ प्रतिशतले घटेको थियो भने गहुँ, फापर र जौंको उत्पादन बढेको थियो ।

आ.व. २०८१/८२ मा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफल मध्ये धान बालीको हिस्सा सबैभन्दा बढी ३७.१८ प्रतिशत, मकै बालीको हिस्सा ३१.४८ प्रतिशत, गहुँ बालीको हिस्सा ६.०१ प्रतिशत, आलुको हिस्सा ७.५५ प्रतिशत र

कोदो बालीको हिस्सा ६.७५ प्रतिशत रहेको छ । आ.व. २०८१/८२ मा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लाको हिस्सा सबैभन्दा बढी १९.८४ प्रतिशत र ताप्लेजुङ जिल्लाको हिस्सा सबैभन्दा कम ३.०९ प्रतिशत रहेको छ । अन्य खाद्य बालीहरूले ढाकेको क्षेत्रफल अन्तर्गत सनपाट, उखु, भटमास, फापर, जौँ, सुर्ती, चिया तथा कफी बालीहरू समेटिएका छन् ।

**तालिका ३.१ : कोशी प्रदेशमा खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफलको अवस्था**

| बालीको नाम | क्षेत्रफल (हेक्टर हजारमा) | | वृद्धिदर | ढाकेको क्षेत्रफलको हिस्सा |
|---|---|---|---|---|
| | आ.व. २०८०/८१[सं] | आ.व.२०८१/८२ | आ.व.२०८१/८२ | आ.व. २०८१/८२ |
| धान | ३२४.०० | ३२९.०० | १.४८ | ३७.१८ |
| मकै | २८८.८६ | २७८.७१ | -३.५१ | ३१.४८ |
| गहुँ | ५८.६४ | ५३.२१ | -९.२६ | ६.०१ |
| कोदो | ७२.९४ | ५९.७५ | -१८.०८ | ६.७५ |
| आलु | ६६.६१ | ६६.८१ | ०.२९ | ७.५५ |
| तेलहन | ४४.२० | ४३.०७ | -२.५४ | ४.८६ |
| दलहन | ३७.५८ | ३३.८१ | -१०.०४ | ३.८२ |
| अन्य | २२.४४ | २०.९९ | -५.५२ | २.३५ |
| **कुल** | **९१५.२६** | **८८५.३९** | **-३.२६** | **१००.००** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*
*सं .: संसोधित*

### ३.१.२ तरकारी

आर्थिक वर्ष २०८१/८२ मा तरकारी बालीले ढाकेको क्षेत्रफल ५३ हजार १ सय २४ हेक्टर कायम भएको छ । जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.४० प्रतिशतले बढी हो । आ.व. २०८१/८२ मा यस प्रदेशमा तरकारी बालीले ढाकेको कुल क्षेत्रफलमध्ये सबैभन्दा बढी क्षेत्रफल झापा जिल्लामा २०.२२ प्रतिशत र सबैभन्दा कम क्षेत्रफल सोलुखुम्बु जिल्लामा १.२१ प्रतिशत रहेको छ ।

### ३.१.३ फलफूल

आर्थिक वर्ष २०८१/८२ मा समग्र फलफूल बालीले ढाकेको क्षेत्रफल ३० हजार १ सय ९ हेक्टर कायम भएको छ । जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १.९७ प्रतिशतले कम हो । आ.व. २०८१/८२ मा यस प्रदेशमा फलफूल बालीले ढाकेको कुल क्षेत्रफलमध्ये सबैभन्दा बढी क्षेत्रफल झापा जिल्लामा २२.०८ प्रतिशत र सबैभन्दा कम क्षेत्रफल ओखलढुंङ्गा जिल्लामा १.२१ प्रतिशत रहेको छ ।

### ३.१.४ मसला बाली

आर्थिक वर्ष २०८१/८२ मा मसला बालीले ढाकेको कुल क्षेत्रफल २८ हजार ६५ हेक्टर रहेको छ । जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १.४६ प्रतिशतले बढी हो । आ.व. २०८१/८२ मा यस प्रदेशमा मसला बालीले ढाकेको कुल क्षेत्रफलमध्ये सबैभन्दा बढी क्षेत्रफल ताप्लेजुङ जिल्लामा १६.९३ प्रतिशत र सबैभन्दा कम क्षेत्रफल ओखलढुंङ्गा जिल्लामा ०.७३ प्रतिशत रहेको छ ।

तालिका ३.२ : कृषि बालीले ढाकेको जिल्लागत भु–क्षेत्र (आ.व.२०८१/८२)


| बाली | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी तथा बागवानी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा |
| झापा | १७५६७० | १९.८४ | १०७४४ | २०.२२ | ६६४६.५० | २२.०८ | ८९४ | ३.१९ |
| मोरङ | १५४६५८ | १७.४७ | १०१८२.५० | १९.१७ | ४५७९ | १५.२१ | २६७८ | ९.५४ |
| सुनसरी | १०३६९५ | ११.७१ | ८१०२ | १५.२५ | २८७१ | ९.५४ | १५४३ | ५.५० |
| खोटाङ | ५६२३७.६० | ६.३५ | १२५२ | २.३६ | ३०५०.५० | १०.१३ | १४५४ | ५.१८ |
| इलाम | ६१२९८.५० | ६.९२ | ३७०२ | ६.९७ | ६२४.५० | २.०७ | ४६१०.५० | १६.४३ |
| भोजपुर | ५५२२१.७० | ६.२४ | २०६७.५० | ३.८९ | २३८८ | ७.९३ | १०३९ | ३.७० |
| उदयपुर | ४९०६७ | ५.५४ | १५०४ | २.८३ | १६५६ | ५.५० | १३४७ | ४.८० |
| पाँचथर | ४०३६८ | ४.५६ | २४२३ | ४.५६ | २१४९.५० | ७.१४ | ४६६८ | १६.६३ |
| संखुवासभा | ३६०७८.८० | ४.०७ | १९२७.१० | ३.६३ | ४०४.१० | १.३४ | २७१४ | ९.६७ |
| धनकुटा | ३४१११.२३ | ३.८५ | ६०५४.७० | ११.४० | १८०१.१० | ५.९८ | ८३३.२० | २.९७ |
| ओखलढुङ्गा | ३१८५६ | ३.६० | १७३७ | ३.२७ | ३६५ | १.२१ | २०४ | ०.७३ |
| सोलुखुम्बु | ३१२७६.७३ | ३.५३ | ६४१.६७ | १.२१ | ९६९.४४ | ३.२२ | ३५०.५२ | १.२५ |
| तेह्रथुम | २८५२६ | ३.२२ | १६७९ | ३.१६ | १३७०.५० | ४.५५ | ९७९.५० | ३.४९ |
| ताप्लेजुङ | २७३२४.९० | ३.०९ | ११०७.६० | २.०८ | १२३३.५० | ४.१० | ४७५० | १६.९३ |
| **जम्मा** | **८८५३८९.४६** | **१००.००** | **५३१२४.०७** | **१००.००** | **३०१०८.६४** | **१००.००** | **२८०६४.७२** | **१००.००** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा समग्र कृषि बालीको उत्पादन ५५ लाख ७ हजार ५ सय ८३ मेट्रिक टन पुगेको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.१४ प्रतिशतले बढी हो। समिक्षा आर्थिक वर्षमा विशेष गरी धान, मकै, भटमास, उखु, तरकारी, फलफूल तथा कफीको उत्पादन बढेकाले कोशी प्रदेशमा समग्र कृषि बालीको उत्पादन बढेको देखिन्छ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.ट.)**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.२.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्षमा २०८१/८२ मा कोशी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन ४२ लाख ४४ हजार २ सय २७ मेट्रिक टन पुगेको छ । जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.४५ प्रतिशतले बढी हो । आ.व. २०८१/८२ मा धान, मकै, भटमास र उखुको उत्पादन क्रमशः २.१६, ९.२४, १.०९ र ४.२४ प्रतिशतले बढेको छ भने गहुँ, कोदो, जौ, फापर, सुर्ती र आलुको उत्पादन क्रमशः ४.६५, १३.५२ , २४.५६ , ३.८६, १४.२९ र ०.५७ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा धान उत्पादन ७.४५ प्रतिशत, कोदो उत्पादन ०.८५ प्रतिशत तेलहन उत्पादन १.३९ प्रतिशत र दलहन उत्पादन ३.६५ प्रतिशतले बढेको थियो भने मकै उत्पादन ३.३२ प्रतिशत, जौं उत्पादन ६.८२ प्रतिशतले र भटमासको उत्पादन ९.९० प्रतिशतले घटेको थियो ।

आ.व. २०८१/८२ मा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको हिस्सा सबैभन्दा बढी ३४.५५ प्रतिशत रहेको छ भने मकै उत्पादनको हिस्सा २३.५६ प्रतिशत, कोदो उत्पादनको हिस्सा २.१६ प्रतिशत, आलु उत्पादनको हिस्सा २५.५३ प्रतिशत, गहुँ उत्पादनको हिस्सा ३.३३ प्रतिशत रहेको छ। आ.व. २०८१/८२ मा खाद्य, नगदे तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा सबैभन्दा बढी झापा जिल्लाको २४.७७ प्रतिशत र सबैभन्दा कम तेह्रथुम जिल्लाको २.५६ प्रतिशत योगदान रहेको छ।

तालिका ३.३ : कोशी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन, उत्पादनमा हिस्सा र उत्पादकत्व अवस्था

| बाली | बालीले ढाकेको भुक्षेत्र हेक्टर | उत्पादन(मे.टन) | | वृद्धिदर | उत्पादनमा हिस्सा | उत्पादकत्व |
|---|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८०/८१[सं] | २०८१/८२ | २०८१/८२ | २०८१/८२ | |
| धान | ३२९२१३ | १४३५५७७.९५ | १४६६५१९ | २.१६ | ३४.५५ | ४.४५ |
| मकै | २७८७१२ | ९१५४५७.५८ | १०००९९० | ९.२४ | २३.५६ | ३.५९ |
| कोदो | ५९७४८ | १०५८६४.१३ | ९१५५१ | -१३.५२ | २.१६ | १.५३ |
| आलु | ६६८०५.५० | १०८९७८६.५० | १०८३५९०.२८ | -०.५७ | २५.५३ | १६.२२ |
| गहुँ | ५३२०६ | १४८०९१.०० | १४१२१० | -४.६५ | ३.३३ | २.६५ |
| तेलहन | ४३०७३.८८ | ५३५५८.५२ | ५३२९०.६७ | -०.५० | १.२६ | १.२४ |
| दलहन | ३३८०७.६० | ४४५९३.८६ | ४४६५४.७५ | ०.१४ | १.०५ | १.३२ |
| अन्य | २०८२३.४८ | ३४९८६४.९९ | ३६३३२१.१६ | ३.८५ | ८.५६ | १७.४५ |
| **कुल** | **८८५३८९.४६** | **४१४२७९४.५३** | **४२४४२२६.८६** | **२.४५** | **१००.००** | **४.७९** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

*सं :संसोधित*

### ३.२.२ तरकारी

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा तरकारी बालीको उत्पादन ८ लाख ३० हजार ९ सय ७० मेट्रिक टन पुगेको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा तरकारी बालीको उत्पादन १.२१ प्रतिशतले बढी हो। आ.व. २०८१/८२ मा तरकारी तथा बागवानीसँग सम्बन्धित समग्र उत्पादनमा सबैभन्दा बढी झापा जिल्लाको योगदान २३.८५ प्रतिशत रहेको छ भने सबैभन्दा कम सोलुखुम्बु जिल्लाको १.०१ प्रतिशत योगदान रहेको छ।

### ३.२.३ फलफूल

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा फलफूलको समग्र उत्पादन २ लाख ४८ हजार ७ सय २८ मेट्रिक टन कायम भएको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १.७३ प्रतिशतले बढी हो। आ.व. २०८१/८२ मा आँपको उत्पादन ५.१६ प्रतिशत, सुन्तलाको उत्पादन २.२८ प्रतिशत, केराको उत्पादन ०.९४ प्रतिशत र अन्य फलफूलको उत्पादन १.३३ प्रतिशतले बढेको छ भने स्याउको उत्पादन ४.२५ प्रतिशतले घटेको छ। आ.व. २०८१/८२ मा फलफूल उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको योगदान सबैभन्दा बढी २७.४९ प्रतिशत रहेको छ भने ओखलढुंङ्गा जिल्लाको सबैभन्दा कम ०.६६ प्रतिशत रहेको छ।

### ३.२.४ मसला बाली

आर्थिक वर्ष २०८१/८२ मा मसला बालीको उत्पादन १ लाख ५९ हजार ५ सय ९८ मेट्रिक टन कायम भएको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.१० प्रतिशतले कम हो। आ.व. २०८१/८२ मा लसुन, बेसार र प्याजको उत्पादन क्रमशः ३.८३ प्रतिशत, २.९४ प्रतिशत र १.०१ प्रतिशतले बढेको छ भने अलैंची, अन्य मसला र अदुवाको उत्पादन क्रमशः २.२३ प्रतिशत, २०.९४ प्रतिशत र ०.६९ प्रतिशतले घटेको छ। आ.व. २०८१/८२ मा मसला बालीको उत्पादनमा जिल्लागत योगदानका आधारमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी २५.५३ प्रतिशत र ओखलढुंङ्गा जिल्लाको हिस्सा सबैभन्दा कम १.२३ प्रतिशत रहेको छ।

**तालिका ३.४ : कृषि बालीको जिल्लागत उत्पादन अवस्था (आ.व. २०८१/०८२)**

| बाली | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी तथा बगवानी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | **उत्पादन (मे.टन)** | **जिल्लागत हिस्सा** | **उत्पादन (मे.टन)** | **जिल्लागत हिस्सा** | **उत्पादन (मे.टन)** | **जिल्लागत हिस्सा** | **उत्पादन (मे.टन)** | **जिल्लागत हिस्सा** |
| **झापा** | १०५१३०५.२० | २४.७७ | १९८१५२ | २३.८५ | ६८३७२ | २७.४९ | १२२४६.१३ | ७.६७ |
| **मोरङ** | ८७३२३४ | २०.५७ | १४३७५७ | १७.३० | ५२२६७ | २१.०१ | २३१७७.८० | १४.५२ |
| **सुनसरी** | ६२३८४७ | १४.७० | १०८५९६ | १३.०७ | २१३८३ | ८.६० | १४३८६.०० | ९.०१ |
| **इलाम** | ३२३९६४.९० | ७.६३ | ५७३७४.६० | ६.९० | ४१६९.४० | १.६८ | ४०७४९.६० | २५.५३ |
| **सोलुखुम्बु** | २०५९६७.९८ | ४.८५ | ८३८६.६२ | १.०१ | ६८८० | २.७७ | २३२३.७६ | १.४६ |
| **भोजपुर** | १३४२७८ | ३.१६ | २७६७४ | ३.३३ | १४७०६ | ५.९१ | ३९७२ | २.४९ |
| **खोटाङ** | १३०३०९.७० | ३.०७ | १४०५७.५० | १.६९ | ११८७२ | ४.७७ | ३५६२ | २.२३ |
| **उदयपुर** | १४३७६२ | ३.३९ | १९८६८ | २.३९ | १०७२६ | ४.३१ | १७८८९ | ११.२१ |
| **ताप्लेजुङ** | १३५३३८ | ३.१९ | १३५१२.७० | १.६३ | ११५६९ | ४.६५ | ८७१३.७५ | ५.४६ |
| **संखुवासभा** | ११६१९९.६० | २.७४ | २१८९६ | २.६३ | ३६१२.१० | १.४५ | ४३४९.५० | २.७३ |
| **धनकुटा** | १२५१०५.८० | २.९५ | १३८१९१ | १६.६३ | १०२९८.२० | ४.१४ | ६९७७.३३ | ४.३७ |
| **तेह्रथुम** | १०८५५७.२० | २.५६ | २९२३९.१० | ३.५२ | ९३२७.८० | ३.७५ | ४८९२.३० | ३.०७ |
| **पाँचथर** | १५२०१६.४० | ३.५८ | २८५९१ | ३.४४ | २१९०६ | ८.८१ | १४३९५.६० | ९.०२ |
| **ओखलढुंङ्गा** | १२०३४१.०८ | २.८४ | २१६७४ | २.६१ | १६४०.५१ | ०.६६ | १९६२.९४ | १.२३ |
| **जम्मा** | **४२४४२२६.८६** | **१००.००** | **८३०९६९.५२** | **१००.००** | **२४८७२९.०१** | **१००.००** | **१५९५९७.७१** | **१००.००** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.२.५ चिया तथा कफी

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा चियाको उत्पादन २३ हजार २ सय ६५ मेट्रिक टन पुगेको छ। जुन अघिल्लो वर्षको सोहि अवधिको तुलनामा ०.९३ प्रतिशतले कम हो । यस प्रदेशमा अवस्थित कुल १४ वटा जिल्ला मध्ये चिया उत्पादन हुने प्रमुख जिल्लाहरू क्रमशः झापा, इलाम, पाँचथर, भोजपुर, धनकुटा, र मोरङ रहेका छन् । आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको कुल चिया उत्पादनमध्ये ९८.५९ प्रतिशत झापा र इलाम जिल्लामा मात्र उत्पादन भएको छ। आ.व. २०८१/८२ मा कफी उत्पादन ३ सय ४० मेट्रिक टन पुगेको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.४९ प्रतिशतले बढी हो। कोशी प्रदेशमा कफी उत्पादनमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी ५९.६६ प्रतिशत रहेको छ।

### ३.२.६ मह

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा कुल ४ सय ५६ मेट्रिक टन मह उत्पादन भएको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.४७ प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मह उत्पादन ४ सय २० मेट्रिक टन रहेको थियो । आ.व. २०८१/८२ मा मह उत्पादनमा जिल्लागत योगदानको आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी ५९.२४ प्रतिशत रहेको छ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुजन्य उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा दुधको उत्पादन ५ लाख ५ हजार २ सय ८२ हजार लिटर रहेको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.४७ प्रतिशतले कम हो । दूध उत्पादनमा जिल्लागत योगदानका आधारमा झापा

जिल्लाको हिस्सा सबैभन्दा बढी ३२.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम ताप्लेजुङ जिल्लाको हिस्सा १.४ प्रतिशत रहेको छ । त्यसैगरी मासुको उत्पादन ७६ हजार ३ सय ५१ मेट्रिक टन रहेको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.०३ प्रतिशतले कम हो । मासु उत्पादनमा जिल्लागत योगदानका आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी १८.७ प्रतिशत रहेको छ भने तेह्रथुम जिलाको हिस्सा सबैभन्दा कम २.९ प्रतिशत रहेको छ ।

अण्डाको उत्पादन १ लाख ५० हजार ५ सय ८५ हजार गोटा रहेको छ जुन अघिल्लो अर्थिक वर्षको सोही अवधिको तुलनामा ३.९१ प्रतिशतले बढी हो । अण्डा उत्पादनमा जिल्लागत योगदानको आधारमा सबैभन्दा बढी मोरङ जिल्लाको हिस्सा ३५.२ प्रतिशत रहेको छ भने सबैभन्दा कम ओखलढुंङ्गा जिल्ला ०.७४ प्रतिशत रहेको छ ।

**तालिका नं. ३.५ : कोशी प्रदेशमा प्रमुख पशुपन्छीजन्य उत्पादनको अवस्था**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| झापा | १६४५७५ | १०८४२ | ३४२३८ | २३१६ | ३२.५७ | १४.२० | २२.७२ | २२.०८ |
| मोरङ | ९०९३६ | १४२६४ | ५३०१३ | ४४०१.७० | १८ | १८.६८ | ३५.१८ | ४१.९६ |
| सुनसरी | ६४०१८ | १०८१७ | २३६६१ | ३२९० | १२.६७ | १४.१७ | १५.७० | ३१.३६ |
| इलाम | ३८४५४ | ४०११ | ४५२१ | २८ | ७.६१ | ५.२५ | ३.०० | ०.२७ |
| सोलुखुम्बु | ८९४७ | २४७५ | ३५९९ | ० | १.७७ | ३.२४ | २.३९ | ०.०० |
| भोजपुर | १३६३९ | ३५८४ | २९०८ | ० | २.७० | ४.६९ | १.९३ | ०.०० |
| खोटाङ | १७५५६ | ४८८० | ३६३६ | १२ | ३.४७ | ६.३९ | २.४१ | ०.११ |
| उदयपुर | ३११४३ | ६५२७.०३ | ६५५७ | ३८४ | ६.१६ | ८.५५ | ४.३५ | ३.६६ |
| ताप्लेजुङ | ६८६६ | २४४० | १६३८ | २ | १.३६ | ३.२० | १.०९ | ०.०२ |
| संखुवासभा | १२९२२.९० | २३९६.९० | ३०१८.५० | ० | २.५६ | ३.१४ | २.०० | ०.०० |
| धनकुटा | १२५०७ | ३१६६ | ५४०७ | ३३.५० | २.४८ | ४.१५ | ३.५९ | ०.३२ |
| तेह्रथुम | १०७७२ | २१९७ | ३०१३ | ९.५० | २.१३ | २.८८ | २.०० | ०.०९ |
| पाँचथर | १५५५३ | ३३२९ | ४३६४ | ८.४० | ३.०८ | ४.३६ | २.९० | ०.०८ |
| ओखलढुंङ्गा | १७३९३ | ५४२२ | ११११ | ५ | ३.४४ | ७.१० | ०.७४ | ०.०५ |
| **जम्मा** | **५०५२८१.९०** | **७६३५०.९३** | **१५०६८४.५०** | **१०४९०.१०** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत : अध्ययन क्षेत्रका भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र*

### ३.३.२ ऊन उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा ऊनको उत्पादन २३ हजार ९ सय ९० के.जि. भएको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.५० प्रतिशतले बढी हो। कोशी प्रदेशमा उन उत्पादनमा ओखलढुंङ्गा जिल्लाको हिस्सा सबैभन्दा बढी २३.५५ प्रतिशत रहेको छ भने तेह्रथुम जिल्लाको हिस्सा सबैभन्दा कम ०.०३ प्रतिशत रहेको छ।

### ३.३.३ माछा उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा माछाको उत्पादन १० हजार ४ सय ९० मेट्रिक टन भएको छ। जुन अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा १२.४९ प्रतिशतले बढी हो। आ.व. २०८१/८२ मा जिल्लागत उत्पादन योगदानको आधारमा मोरङ जिल्लामा सबैभन्दा बढी ४२.० प्रतिशत रहेको छ भने सोलुखुम्बु, संखुवासभा र भोजपुर जिल्लामा माछाको उत्पादन शुन्य रहेको देखिन्छ।

### ३.३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा काठको उत्पादन २ करोड ७३ लाख ७४ हजार ४ सय ५ क्यूविक फिट पुगेको छ। जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.५८ प्रतिशतले बढी हो। कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत हिस्साका आधारमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी २०.४५ प्रतिशत छ भने सुनसरी जिल्लाको हिस्सा सबैभन्दा कम ०.०७ प्रतिशत रहेको छ।

**तालिका ३.६ : काठ उत्पादनको जिल्लागत अवस्था क्यूविक फिटमा**

| जिल्ला | आ.व. ०८०/८१ [सं] | आ.व.०८१/८२ | जिल्लागत हिस्सा (%) | बृद्धिदर (%) |
|---|---|---|---|---|
| ईलाम | ५७९३२४६ | ५५९८३२९ | २०.४५ | -३.३६ |
| धनकुटा | ३९७०६१६ | ३२५९५८३ | ११.९१ | -१७.९१ |
| भोजपुर | ३०८८७०१ | ३४९०७५० | १२.७५ | १३.०२ |
| पाँचथर | २८४६६६१ | ३४१६४७५ | १२.४८ | २०.०२ |
| तेह्रथुम | २६४११८६ | २१३९३०६ | ७.८१ | -१९.०० |
| संखुवासभा | १७५७६२० | १६२८६४९ | ५.९५ | -७.३४ |
| ताप्लेजुङ्ग | १६८३३६३ | १६९७८५० | ६.२० | ०.८६ |
| खोटाङ | १४७७५१२ | १४३५४४९ | ५.२४ | -२.८५ |
| मोरङ्ग | १०७७९९२ | १०५९०१० | ३.८७ | -१.७६ |
| झापा | ५१४९५३ | ९१३५२८ | ३.३४ | ७७.४० |
| उदयपुर | ७९९४२३ | ४३७६३९ | १.६० | -४५.२६ |
| सोलुखुम्बु | ४६५९७० | १२९६५५७ | ४.७४ | १७८.२५ |
| ओखलढुङ्गा | ३६५९५३ | ९८०७८८ | ३.५८ | १६८.०१ |
| सुनसरी | २०३९३४ | २०४९२ | ०.०७ | -८९.९५ |
| जम्मा | २६६८७१३१ | २७३७४४०५ | १००.०० | २.५८ |

*स्रोत: अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय*

*सं :संसोधित*

आर्थिक वर्ष २०८१/८२ मा दाउराको उत्पादन ५ हजार २ सय २५ चट्टा कायम भएको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २५.६९ प्रतिशतले कम हो । कोशी प्रदेशमा रहेका १४ जिल्लाहरूमा आ.व. २०८१/८२ मा दाउरा उत्पादन भएका ८ जिल्लाहरूमध्ये मोरङ जिल्लाको हिस्सा ६९.३८ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा औषधिजन्य वस्तुको उत्पादन १०.४० प्रतिशतले बढेको छ भने अन्य उत्पादन ७४.४६ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा औषधिजन्य वस्तु उत्पादन १७.२९ प्रतिशतले बढेको थियो भने अन्य उत्पादन २०५.३१ प्रतिशतले वृद्धि भएको थियो ।

## ३.४ सिँचाइ तथा मौसम

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा रहेको कुल ७ लाख ९० हजार ४ सय २० हेक्टर खेतीयोग्य जमिन मध्ये ८८.९७ प्रतिशत अर्थात् ७ लाख ३ हजार २ सय ४२ हेक्टरमा खेती भएको छ। कोशी प्रदेशमा खेती गरिएको क्षेत्रफलको आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी १५.३० प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको हिस्सा सबैभन्दा कम २.४५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा रहेको कुल खेतीयोग्य जमिनको ३७.०३ प्रतिशत अर्थात २ लाख ९२ हजार ६ सय ५४ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । कोशी प्रदेशमा रहेका जिल्लाहरूमध्ये खेती योग्य जमिनको क्षेत्रफलको आधारमा सुनसरी जिल्लामा सबैभन्दा बढी ८६.१३ प्रतिशत सिँचाइ सुविधा पुगेको छ भने सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १.१४ प्रतिशत सिँचाइ सुविधा पुगेको छ। आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कुल सिञ्चित क्षेत्रफल १.५६ प्रतिशतले वृद्धि भएको छ भने अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.६८ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ३.७ : सिँचाइको जिल्लागत अवस्था**

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिँचित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (%) |
|---|---|---|---|---|
| मोरङ्ग | ११६९५६ | १०७५९९ | ७५००३ | ६४.१३ |
| झापा | ९८७१६ | ९०००० | ५८६२३ | ५९.३९ |
| सुनसरी | ८१७५६ | ७४३५३ | ७०४१९ | ८६.१३ |
| ईलाम | ६९३०० | ६३१५० | १०००० | १४.४३ |
| खोटाङ | ६६५९४ | ५११६५ | १७८५ | २.६८ |
| भोजपुर | ६२२९९ | ५६८८० | ४३५६ | ६.९९ |
| पाँचथर | ६०२५७ | ५१४७० | ७७५६ | १२.८७ |
| सोलुखुम्बु | ४५३५८ | ४०६३१ | ५१९ | १.१४ |
| धनकुटा | ४०७२३ | ३९८९५ | ६७५३ | १६.५८ |
| तेह्रथुम | ३७२८२ | ३०४२८ | ७२३५ | १९.४१ |
| संखुवासभा | ३१५९६ | ३०६०० | १५४३८ | ४८.८६ |
| उदयपुर | २८१६२ | २५७९३ | २१०७२ | ७४.८२ |
| ताप्लेजुङ्ग | २७५५१ | २४०३२ | १२०३७ | ४३.६९ |
| ओखलढुङ्गा | २३८७० | १७२४४ | १६५८ | ६.९५ |
| **जम्मा** | **७९०४२०** | **७०३२४२** | **२९२६५४** | **३७.०३** |

*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द र सिँचाई डिभिजन कार्यालय*

आर्थिक वर्ष २०८१/८२ मा कुल सिञ्चित क्षेत्रफलमध्ये पोखरीबाट सिञ्चित क्षेत्रफल ११.६२ प्रतिशत, कुलोबाट सिञ्चित क्षेत्रफल २.६७ प्रतिशत, नहरबाट ०.८१ प्रतिशत र बोरिङ्गबाट ०.०४ प्रतिशतले बढेको छ। आ.व. २०८१/८२ मा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमध्ये नहरको योगदान ४२.७० प्रतिशत, कुलोको योगदान ३८.९२ प्रतिशत, बोरिङ्गको योगदान १६.७३ प्रतिशत, पोखरीको योगदान १.६१ प्रतिशत र अन्यको योगदान ०.०३ रहेको छ।

**तालिका ३.८ : कोशी प्रदेशमा सिँचाइका स्रोतको अवस्था (क्षेत्रफल हेक्टरमा)**

| सिँचाइका प्रकार | क्षेत्रफल हेक्टरमा २०८०/८१ | हिस्सा प्रतिशतमा २०८०/८१ | क्षेत्रफल हेक्टरमा २०८१/८२ | हिस्सा प्रतिशतमा २०८१/८२ | **वृद्धिदर (%)** |
|---|---|---|---|---|---|
| कुलो | ११०९४९ | ३८.५० | ११३९११ | ३८.९२ | २.६७ |
| नहर | १२३९५७ | ४३.०२ | १२४९६३ | ४२.७० | ०.८१ |
| बोरिङ्ग | ४८९४९ | १६.९९ | ४८९६९ | १६.७३ | ०.०४ |
| पोखरी | ४२२४ | १.४७ | ४७१५ | १.६१ | ११.६२ |
| अन्य ...... | ८६ | ०.०३ | ९६ | ०.०३ | ११.६३ |
| **जम्मा** | **२८८१६५** | **१००.००** | **२९२६५४** | **१००.००** | **१.५६** |

*स्रोतः अध्ययन क्षेत्रका जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा रु.५६ अर्ब ३० करोड ३२ हजार रहेको छ। जुन २०८१ असार मसान्तको तुलनामा ६.०२ प्रतिशतले कम हो। २०८१ असार मसान्तसमा यस क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.५९ अर्ब ९० करोड ७४ लाख ४१ हजार रहेको थियो।


**तालिका ३.९ : कृषि कर्जाको क्षेत्रगत अवस्था**

| **क्षेत्र** | **असार मसान्तसम्म (रु. दश लाखमा)** | | **प्रतिशत परिवर्तन** | **कुल कर्जामा हिस्सा** |
|---|---|---|---|---|
| | **२०८१** | **२०८२** | **२०८१/२०८२** | **२०८२** |
| अन्य कृषि तथा कृषिजन्य सेवा | १६७९६.५८ | १५८७१.७४ | -५.५१ | २८.१९ |
| पशुपालन/पशु बधशाला | ११८९४.३७ | १०७७०.८१ | -९.४५ | १९.१३ |
| अन्न बाली | १०८६०.१६ | ८९२२.०२ | -१७.८५ | १५.८५ |
| पंक्षीपालन | ४९०५.८५ | ४६९९.६८ | -४.२० | ८.३५ |
| तरकारी बाली | ३१४४.०५ | २७८६.४३ | -११.३७ | ४.९५ |
| चिया/कफी | २४३३.७० | १८०३.८१ | -२५.८८ | ३.२० |
| अन्य नगदे बाली | १९३८.६६ | १९६३.८० | १.३० | ३.४९ |
| माछापालन सम्बन्धी | १३१९.६५ | १३१९.८६ | ०.०२ | २.३४ |
| कृषि सामाग्री भण्डारण | १५९७.९६ | २०१३.९० | २६.०३ | ३.५८ |
| फलफुल तथा पुष्पखेती | ९१६.९९ | ७२६.३८ | -२०.७९ | १.२९ |
| सनपाट | १६३१.३२ | १८५६.१६ | १३.७८ | ३.३० |
| मलखाद तथा किटनासक | ९६७.४३ | १४५८.७७ | ५०.७९ | २.५९ |
| वन | ४२०.०८ | ९८९.१२ | १३५.४६ | १.७६ |
| अन्य | १०८०.६४ | १११७.५४ | ३.४१ | १.९८ |
| **जम्मा** | **५९९०७.४४** | **५६३००.०३** | **-६.०२** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

२०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरूमा जिल्लागत रुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.२० अर्ब ३३ करोड २४ लाख ३९ हजार (३६.११ प्रतिशत) र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम रु.३३ करोड ६० हजार (०.५९ प्रतिशत) रहेको छ ।

**चार्ट ३.३ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था**




*स्रोत : नेपाल राष्ट्र बैंक*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरू**

१. कृषि उपजको उत्पादन लागत अनुसारको बिक्री मुल्य र बजार सुनिश्चित गर्न बाली तथा पशुजन्य उत्पादनको न्युनतम समर्थन मूल्य निर्धारण गर्न सक्ने अवस्थाको निर्माण गर्नु ।

२. दिगो तथा आत्मनिर्भरमुखी कृषि अर्थतन्त्रको निर्माण गर्न कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गरी यस क्षेत्रको व्यवसायीकरण गर्नु ।

३. स्थानीय सम्भाव्यता, भौगोलिक अवस्था र बजार सम्भाव्यताका आधारमा स्थानीय तह तथा निजी क्षेत्रसँगको सहकार्यमा रैथानेबाली, फलफूल, चिया, कफी, अलैंची लगायतका बाली उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाउनु ।

४. व्यवसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि उन्नत प्रविधिको प्रयोग र व्यवसाय विस्तारका लागि अधिकतम किसानहरुको पहुँच पुग्ने गरी बैंक तथा वित्तीय संस्थामार्फत सर्वसुलभ रूपमा कर्जा उपलब्ध गराई ब्याज अनुदान उपलब्ध गराउनु ।

५. युवा जनशक्तिलाई कृषिक्षेत्रमा आकर्षित गर्दै उनीहरुलाई यस क्षेत्रमा टिकाईराख्नका लागि कृषि क्षेत्रको व्यवसायिकरण, बजारीकरण, औद्योगिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नु ।

६. कोशी प्रदेशले “स्वस्थ माटो, स्वच्छ बाली” अभियान अन्तर्गत माटो जाँच गरी माटोको गुणस्तर सुधारका लागि प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा प्रोत्साहन गर्न स्थानीय निकायसँगको सहकार्यमा प्राङ्गारिक खेती प्रवर्द्धन गर्नु ।

**सम्भावनाहरु**

***कृषि बाली***

१. कोशी प्रदेशका १३ वटा जिल्लाहरुमा संघ सशर्त अनुदान अन्तर्गत सिँचाई आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP) चालु अर्थिक वर्ष २०८२/८३ देखि कार्यान्वयनमा आउने भएकाले समग्र कृषि उत्पादनमा सिँचाई सुविधा वृद्धि भई उत्पादन र उत्पादकत्वमा वृद्धि हुन सक्ने ।

२. कोशी प्रदेशमा फलफूलबालीको विकास र विस्तारका लागि Nuts and Fruits in Hilly Areas Project (NAFHA) फलफुल बाली लक्षित आयोजना लागु हुने भएकाले इलाम, पाँचथर, धनकुटा, संखुवासभा जस्ता जिल्लाहरूमा विस्तार हुँदै गएको व्यावसायिक सुन्तला, किवी, एभोकाडो खेतीलाई प्रर्वद्धन गर्न सके कृषिजन्य आयातलाई प्रतिस्थापन गर्न सकिने ।

३. कोशी प्रदेशले "**स्वस्थ माटो, स्वच्छ बाली**" अभियान अन्तर्गत माटो जाँच गरी माटोको गुणस्तर सुधारका लागि प्राङ्गारीक मल उत्पादन तथा प्रयोगमा प्रोत्साहन गर्न स्थानीय निकायसँगको सहकार्यमा प्राङ्गारिक खेती प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन हुने भएकाले प्राङ्गारिक खेतीको विकास र विस्तार भई रैथाने बालीको प्रवर्द्धन र विकास हुन सक्ने ।

४. कोशी प्रदेशमा दिगो वन व्यवस्थापन कार्यविधि स्वीकृतीको क्रममा रहेकाले निजी वनको साल प्रजातिका रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धि मापदण्ड सहितको कार्यविधि २०८२ स्वीकृत भएकाले निजी वनबाट समेत साल प्रजातिका काठ दाउरा उत्पादनमा वृद्धि हुनुका साथै निजी वनको साल रुखबाट आम्दानी निकासी वृद्धि हुने ।

५. कृषि क्षेत्रसँग सम्बन्धित साना तथा घरेलु उद्योगहरुको स्थापना हुनेक्रम बढेसँगै यस क्षेत्रको व्यवसायिकरण तथा बजारीकरण भई उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी निर्यात प्रवर्द्धन गर्न सकिने ।

६. पुष्पलाल मध्य पहाडी राजमार्ग र मदन भण्डारी राजमार्गको आसपासका कृषियोग्य बाँझो जमिनमा नगदेबाली, पशुपालन, उच्च मूल्यका फलफूल, गैरकाष्ठ वन पैदावार, घाँस तथा कृषि वन प्रणालीको विस्तार हुने भएकाले यस प्रदेशका सो क्षेत्र अन्तर्गत पर्ने जिल्लाहरुमा व्यवसायिक कृषि खेती प्रति किसानहरु आकर्षित भई कृषिजन्य उत्पादनको बजारीकरण सहज हुने ।

***पशुपन्छी तथा मत्स्यपालन***

१. यस प्रदेशले पशुपन्छीमा लाग्ने खोरेत रोग तथा अन्य महामारी नियन्त्रणका खोप, जैविक सुरक्षा तथा असल पशुपालन अभ्यास कार्यक्रम सञ्चालनमा ल्याउने भएकाले दुधजन्य उत्पादन वृद्धि र निर्यातमा सहयोग पुग्ने ।

२. उन्नत नश्लका पशुको गुणस्तर र संख्यामा वृद्धि गरी पशुजन्य उत्पादन र उत्पादकत्वमा सुधार गर्न पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिने भएकाले यस प्रदेशमा दुधजन्य तथा पशुजन्य उत्पादनमा वृद्धि हुन सक्ने ।

३. यस प्रदेशमा पशुपन्छी तथा मत्स्य पालन व्यवसायमा कृषकहरु उत्साहित भई पशुपालन तथा मत्स्य पालन व्यवसाय बढ्दो क्रममा रहेकाले बजारको माग अनुसारको उत्पादन बढाउन सकिने भएकाले यस क्षेत्रमा आत्मनिर्भर बन्न सकिनुका साथै निर्यात गर्न सकिने ।

४. पशुपन्छीमा लाग्ने खोरेत रोग लगायत अन्य महामारी नियन्त्रणका लागि सघन रुपमा खोप, जैविक सुरक्षा तथा असल पशुपालन अभ्यास जस्ता कार्यक्रम प्रदेश सरकारले लागु गर्ने भएकाले स्वस्थ तथा गुणस्तरीय पशुपन्छीजन्य उत्पादन र उपभोग बढी निर्यात प्रवर्द्धन गर्न सकिने ।

***सिँचाइ***

१. कोशी प्रदेशको १३ वटा जिल्लाहरुमा संघ सशर्त अनुदान अन्तर्गत सिँचाई आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP) चालु अर्थिक वर्ष २०८२/८३ देखि कार्यान्वयनमा आउने भएकाले यस प्रदेशमा सिञ्चित क्षेत्रफलको विस्तार हुने ।

२. विद्युत आपूर्तिमा सहजता आएसँगै पहाडी क्षेत्रमा लिफ्टिङ प्रविधिबाट सिँचाई सुविधा विस्तार गर्न सकिने ।

### बक्सः १ साधना संस्कृति नमुना कृषि प्रा.लि.

साना किसान विकास बैंकको Learn and Earn कार्यक्रम अन्तर्गत इजरायलबाट १ वर्षे कृषि तालिम पुरा गरी फर्किदा सुटकेसमा दुई थान केराको बिरुवा ल्याई ३० वर्षिय चन्द्र बस्नेतले वि.स. २०७६ सालमा झापा गाउँपालिका वार्ड नम्बर ३ मा शुरु गर्नु भएको केरा खेती हाल ३० बिघामा फैलिएको छ। इजरायलबाट फर्किएर आएपछि साधना संस्कृति नमुना कृषि प्रा. लि. दर्ता गरी इजरायलमा कमाएको १५ लाख रुपैयाँ र बैंकबाट १० लाख रुपैयाँ बिना धितो कर्जा लिएर कुल २५ लाखमा रुपैयाँ व्यावसायिक केरा खेती शुरु गर्नु भएको हो। स्नातक तहसम्मको अध्ययन गर्नु भएका बस्नेतले शुरुमा केरा खेती गर्छु भन्दा परिवार, आफन्त तथा छरछिमेकीले अचम्म माने पनि अहिले भने उहाँको कामको तारिफ गरेको देखिन्छ। केरा खेतीबाट उल्लेखनीय आम्दानी हुने देखेपछि हाल गाउँमा व्यावसायिक केरा खेती गर्ने किसानको संख्या दर्जन नाघेको छ।





फर्ममा हाल १ करोड २० लाख रुपैयाँ स्वलगानी र ८५ लाख रुपैयाँ बैंक तथा वित्तीय संस्थाको कर्जा गरी कुल २ करोड ५ लाख रुपैयाँ लगानी रहेको छ। फर्मले विशेष गरी जी-नाइन, विलियम हाइब्रिड, चिनीचम्पा र रातो प्रजातीका केराको खेती गरिरहेको छ। एक बिघा क्षेत्रफलमा १ हजार ६ सय बोट केरा लगाउन सक्ने, एउटा केराको घरीको औसत उत्पादन लागत २ सय ५० रुपैयाँ पर्ने र एक घरी केराको औसत बिक्री आम्दानी ५ सय रुपैयाँ हुने गरेको देखिन्छ। केराको बिरुवा रोपेको औसत १२ महिनामा केराको घरी बिक्रीयोग्य हुने देखिन्छ। मासिक ५ लाख रुपैयाँ भन्दा बढी नाफा आर्जन गर्न सफल फर्मले १८ जना पुरुष र ९ जना महिला गरी २७ जनालाई रोजगारी प्रदान गरिरहेको छ। स्थानीय किसानहरूले उत्पादन गरेको केरा पनि फर्मले खरिद गरी बिक्रीवितरण गर्ने गरेको। गाउँका अन्य किसानहरूलाई केरा खेतीका लागि प्रोत्साहन गर्न फर्मले निशुल्क केराको बिरुवा वितरण समेत गर्ने गरेको छ। स्पष्ट व्यावसायिक योजना बनाएर आवश्यक कागजात पेश गरेमा बैंकले सजिलै कर्जा उपलब्ध गराउने उहाँको धारणा रहेको छ। फर्मले इजरायली सिप र प्रविधिको प्रयोग गरेर केरा खेती गरिरहेको छ।

व्यावसायिक रुपमा सफल हुन किसानहरूमा प्राविधिक ज्ञान समेत हुनुपर्ने र किसानहरू प्रविधिमैत्री हुनुपर्ने उहाँको बुझाई छ। उचित जमिनको छनौट, प्राङ्गारिक मलको उपलब्धता, सिचाइँको उपलब्धता, केराको सही बिरुवा तथा जात छनौट, नियमित निरीक्षण र रोगहरूको पहिचान गरी उपचार गरेमा केरा खेतीमा सफलता मिल्ने उहाँको विश्वास रहेको छ। फर्मले सुरुवाति चरणमा उत्पादित केराको बजारीकरणमा समस्या भोग्नुपरेतापनि हाल केराको गुणस्तरका कारण बजारीकरणमा कुनै समस्या छैन। बीमा कम्पनीहरूको बाली बीमा प्रतिको अनिच्छाका कारण फर्मले असिना, हावाहुरी लगायतका प्राकृतिक प्रकोपबाट क्षति बेहोर्नु परेको देखिन्छ। कर्जाको अभावका कारण फर्मले केरा तथा थम्बा प्रशोधन गरी पाउडर, धागो, नेपाली कागज, सेनेटरी प्याड बनाउने उद्योगको स्थापना गर्न सकेको छैन।

फर्मले व्यावसाय विस्तार गरी आगामी दिनमा केराको प्रशोधन गरी पाउडर बनाउने, केराको थम्बा प्रशोधन गरी धागो, नेपाली कागज तथा सेनेटरी प्याड उत्पादन गर्ने उद्योग स्थापना गर्ने लक्ष्यराखेको छ।

*स्रोत : स्थलगत सर्वेक्षण, तस्बिरः चन्द्र बस्नेत*


# परिच्छेद ४: उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशका नमुना छनोटमा समेटिएका ४३ वटा उद्योगहरूको औसत क्षमता उपयोग ५०.८० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८०/८१ मा उक्त उद्योगहरूको औसत क्षमता उपयोग ५२.५९ प्रतिशत रहेको थियो ।

आ.व. २०८१/८२ मा सबैभन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरू क्रमशः टायर तथा ट्यूव, चाउचाउ, तोरीको तेल, र भटमासको तेल उत्पादन गर्ने समूहका उद्योगहरू रहेका छन् भने कम क्षमता उपयोग गर्ने उद्योगहरू वनस्पति घिउ, घरेलु धातुका सामान, साबुन, सिमेन्ट, कच्चा छाला र चामल उत्पादन गर्ने समूहका उद्योगहरू रहेका छन् । टायर तथा ट्यूव उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९०.६७ प्रतिशत रहेको छ भने वनस्पति घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.३७ प्रतिशत रहेको छ । औसतमा ५० प्रतिशत वा सो भन्दा बढी क्षमता उपयोग गर्ने उद्योग समूहहरू जम्मा १४ वटा रहेका छन् भने ५० प्रतिशत भन्दा कम क्षमता उपयोग गर्ने उद्योग समूहहरू को संख्या जम्मा ११ वटा रहेको छ ।

**चार्ट ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरू*

### ४.१.२ उद्योगको उत्पादन

यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४३ वटा उद्योगहरूमा गत आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा भटमासको तेलको उत्पादन सबैभन्दा बढी १४४९ प्रतिशतले बढेको छ भने घरेलु धातुका सामानको उत्पादन ७४.३ प्रतिशतले घटेको छ । वैदेशिक बजारमा भटमासको तेलको माग वृद्धि भएको, भारतले निकासीमा लगाएको प्रतिबन्ध फुकुवा गरेको तथा उत्पादन क्षमतामा वृद्धि भएको कारणले आ.व. २०८१/८२वर्षमा भटमासको तेलको उत्पादन

उल्लेखनीय मात्रामा बढेको देखिन्छ । मागमा आएको कमी तथा आयातित वस्तुहरूसँग मूल्य प्रतिस्पर्धी हुन नसकेका कारण घरेलु धातुका सामानको उत्पादनमा कमी आएको देखिन्छ ।

**तालिका ४.१ : अध्ययनमा समावेश भएका उद्योगको उत्पादन अवस्था**

| क्र.स. | उत्पादित वस्तुको नाम | एकाइ | २०८१ असार मसान्तसम्म | २०८२ असार मसान्तसम्म | आ.व. २०८१/८२ को प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| १ | घरेलु धातुका सामान | मे.टन | १५६ | ४० | -७४.३० |
| २ | गार्मेण्ट | हजार थान | १५५ | ८१ | -४७.६० |
| ३ | जि.आई तार | मे.टन | २५००७ | १५१११ | -३९.६० |
| ४ | प्लाष्टिकका सामान | मे.टन | २२४८ | १५९८ | -२८.९० |
| ५ | चामल | मे.टन | १४७१ | १०७४ | -२७ |
| ६ | ईंटा | दश लाख गोटा | १०३ | ७६ | -२६.८० |
| ७ | साबुन | मे.टन | १०३१० | ८७६० | -१५ |
| ८ | चिनी | मे.टन | १७३४६ | १५३९८ | -११.२० |
| ९ | प्रशोधित चिया | मे.टन | ५१७७ | ४९४३ | -४.५० |
| १० | जुटका सामान | मे.टन | ४३०६३ | ४२५४२ | -१.२० |
| ११ | चप्पल | जोर | ५६४६८४९ | ५५८४७८८ | -१.१० |
| १२ | टायर तथा ट्यूव | सेट | ७९५३४ | ७८९५५ | -०.७० |
| १३ | वनस्पती घिउ | मे.टन | २१०८ | २०९९ | ०.४० |
| १४ | प्रशोधित दूध | हजार लिटर | ५२२० | ५३६१ | २.७० |
| १५ | सिमेण्ट | मे.टन | ८१४२१ | ८३९४७ | ३.१० |
| १६ | विस्कुट | मे.टन | ५७८७ | ६११८ | ५.७० |
| १७ | पशुदाना | मे. टन | २१००० | २२६०० | ७.६० |
| १८ | कच्चा छाला | हजार वर्ग फुट | २३९२ | २६१५ | ९.३० |
| १९ | चाउचाउ | मे. टन | २२७९२ | २६०९० | १४.५० |
| २० | धागो | मे. टन | २८८४९ | ३३४८७ | १६.१० |
| २१ | कागज | मे. टन | ७६४० | ८९६५ | १७.३० |
| २२ | फलामको छड ,पत्ति तथा सामानहरू | मे. टन | ११०३५३ | १३१६०२ | १९.३० |
| २३ | सिन्थेटिक कपडा | हजार मिटर | ५४४० | ६७९६ | २४.९० |
| २४ | तोरीको तेल | मे. टन | २३६९ | ३४५२ | ४५.७० |
| २५ | भटमासको तेल | मे. टन | २६२१ | ४०६०० | १४४९ |

*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु*

### ४.१.३ औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था

यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४३ वटा उद्योगहरूमा आर्थिक वर्ष २०८०/८१ मा १६ हजाार ९५८ जना श्रमिक कार्यरत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा जम्मा १७ हजार ३ सय ३२ जना श्रमिक कार्यरत रहेका छन् जुन गत आर्थिक वर्षको तुलनामा २.२१ प्रतिशतले बढी हो । सुनसरी जिल्लामा रहेका उद्योगहरूमा ८.९४ प्रतिशत बढी श्रमिकले रोजगारी पाएका छन भने मोरङ, झापा र उदयपुर जिल्लामा रहेका उद्योगहरूबाट क्रमशः ४.०७ प्रतिशत, २०

प्रतिशत, २४.६२ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् । आ.व. २०८१/८२ मा औद्योगिक रोजगारीमा पुरुषको हिस्सा ६८.४१ प्रतिशत र महिलाको हिस्सा ३१.५९ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका उद्योगहरूमा कुल औद्योगिक रोजगारीको ९१.३२ प्रतिशत स्वदेशी र ८.६८ प्रतिशत विदेशी श्रमिक रहेका छन् ।

**तलिका ४.२ : औद्यौगिक रोजगारीको अवस्था***

| जिल्लाको नाम | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| सुनसरी | ९१८३ | १०००४ | ८.९४ |
| मोरङ | ६८३४ | ६५५६ | -४.०७ |
| झापा | ५२० | ४१६ | -२०.०० |
| उदयपुर | २६४ | १९९ | -२४.६२ |
| इलाम | १५७ | १५७ | ०.०० |
| **जम्मा** | **१६९५८** | **१७३३२** | **२.२१** |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू*

* *अध्ययन क्षेत्रका उद्योगहरूमा रोजगारीको अवस्था ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा कुल औद्योगिक कर्जा १५.०३ प्रतिशतले बढेर रु.१ खर्ब ६० अर्ब कायम भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा विद्युत, ग्याँस तथा पानी उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ५६.३८ प्रतिशतले बढेको छ भने खानी सम्बन्धी उद्योग लाई प्रवाहित कर्जा सबैभन्दा कम १५.८७ प्रतिशतले घटेको छ । कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु सम्बन्धी उद्योगतर्फ सबैभन्दा बढी ५०.१५ प्रतिशत र खानी सम्बन्धी उद्योगतर्फ सबैभन्दा कम ०.३२ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**तालिका ४.३ : औद्योगिक कर्जाको क्षेत्रगत अवस्था**

| क्षेत्र | कर्जा (रु. करोडमा) | | वृद्धिदर (प्रतिशत) | औद्योगिक कर्जामा हिस्सा |
|---|---|---|---|---|
| | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८१/८२ | २०८२ असार मसान्त |
| खानी सम्बन्धी | ६५.३५ | ५४.९८ | -१५.८७ | ०.३२ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ४,७००.१९ | ६,००१.६३ | २७.६९ | ३७.३० |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ७,३८७.७६ | ८०२६.२४ | ८.६४ | ५०.१५ |
| निर्माण | ९४३.६४ | १००८.१२ | ६.८३ | ६.३० |
| विद्युत, ग्यास तथा पानी | ८०.८२ | १२६.३९ | ५६.३८ | ०.७१ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ७८८.२९ | ८४७.२३ | ७.४८ | ५.२२ |
| **कुल औद्योगिक क्षेत्र कर्जा** | **१३,९६६.०५** | **१६०६४.५९** | **१५.०३** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरू

१. नेपालमा नै उत्पादन हुने कतिपय वस्तुहरूका लागि आवश्यक सङ्कलन केन्द्र तथा शीत भण्डार जस्ता आवश्यक पूर्वाधारहरूको अभाव भई वस्तुको आपूर्तिमा समस्या देखिएकाले सो क्षेत्रको विकासमा लगानीको वातावरण बनाई आपूर्तिलाई नियमित गर्नु ।

२. देशको वर्तमान परिस्थिति र राजनीतिक अवस्थाले उद्योगीहरुले आफ्नो शान्ति सुरक्षाको अभाव महशुस गरिराखेको अवस्थामा शान्ती सुरक्षाको सुनिश्चितता प्रत्याभुती दिनु ।

३. दक्ष जनशक्ति पलायन भईराखेको वर्तमान परिप्रेक्ष्यमा उद्योगहरुमा उक्त जनशक्तिलाई टिकाई राखेर उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

### ४.३.२ सम्भावनाहरू

१. यस प्रदेशको भौगोलिक स्थिति दुई ठूला अर्थतन्त्र भएका छिमेकी देशहरुसँग जोडिएकोले गर्दा उद्योगहरूको क्षमता अभिवृद्धि गर्न सके वैदेशिक व्यापार विस्तार गर्न सकिने ।

२. कोशी प्रदेश लगानी सम्मेलन, २०२५ मा औद्योगिक क्षेत्रका १२ वटा परियोजनाहरुमा ६६८७ करोडको लगानी सम्झौता भएकोले नयाँ उद्योगहरु थपिने सम्भावना बढेको ।

३. कोशी प्रदेश सरकार अन्तर्गत दर्ता भएका उद्योगमा प्रस्तावित कुल लगानी र कुल प्रस्तावित रोजगारी बढाईएकोले उत्पादन र रोजगारी बढने सक्ने ।

४. प्राकृतिक जडिबुटीले भरिपूर्ण भएको यस प्रदेशका पहाडी जिल्लामा जडीबुटी खेतीको विस्तारका साथै आयुर्वेद उद्योगको स्थापना गर्न सकिने ।

५. कोशी प्रदेश लगानी सम्मेलन, २०२५ मा औद्योगिक क्षेत्रमा लगानी वार्ता/सम्झौता भएका १२ परियोजना कार्यान्यवनमा लैजानुले औद्योगिक विस्तारमा टेवा पुग्ने ।

## बक्स : बारी रोष्टरीङ एण्ड प्याकेजिङ उद्योग

सन् २००० मा, भ्यालेन्टाइनस् बेकरी क्याफे बिराटनगरमा १५ लाख लगानी गरी इटालियन कफी ब्रान्डहरू प्रस्तुत गर्दै योनेस राज श्रेष्ठ दम्पतीले कफी व्यवसाय क्षेत्रमा आफ्नो यात्रा सुरु गर्नु भयो । आम ग्राहकहरुको कफीप्रतिको नयाँ रुचिले थप उत्साहित भई कफी खेतिदेखि कपमा बिक्री वितरण गर्ने तथा नेपाली कफीलाई विश्वसामु चिनाउने उद्देश्यले व्यवसायलाई थप विस्तार गर्न २०२० देखि धनकुटाको डाडा बजारमा ६० रोपनी जग्गा लिजमा लिई कफी खेती सुरुगरेकोमा हाल करिब ३०० रोपनी खेती विस्तार गर्दा रु.५० लाख लगानी भएको देखिन्छ । डाँडा बजारमा उन्नत कफी रोस्टिङ गर्ने र कफी प्याकेजिङ गरी नेपाली बजारमा बिक्री वितरण कार्य गरिरहेको यस उद्योगले अन्तराष्ट्रिय स्तरमा समेत नेपाली कफी निर्यात गर्ने तयारी गरिरहेको देखिन्छ ।





आर्थिक वर्ष २०८१/८२ मा कुल ७.५ मे.टन Green Beans कफी आफै उत्पादन तथा २.५ मे. टन अन्य फर्मबाट कफी खरिद गरेको देखिन्छ । उक्त Green Beans प्रसोधन गर्दा जम्मा १.४ मे.टन तयारी कफी बनेको देखिन्छ। औसत प्रति के.जी. रु. २५०० का दरले बिक्री गरी कुल रु. ३५ लाख आम्दानी हुँदा खुद नाफा रु. ५ लाख भएको देखिन्छ । कफी उत्पादन हुने सिजनमा २० जना सम्म कामदार आवश्यक हुने उक्त उद्योगमा हाल ४ महिला र ६ पुरुष गरी १० जना कामदारले प्रत्यक्ष रोजगारी पाएको देखिन्छ ।

कफी विरुवा लगाएको ३/४ बर्षदेखि उत्पादन दिन सुरु गर्ने देखिन्छ । नेपाली बजारमा बढ्दो कफी पिउने संस्कृति तथा अन्तर्राष्ट्रिय स्तरमा माग बढ्नुले पनि कफी खेतीको प्रशस्त सम्भावना रहेको देखिन्छ । नेपालको मध्य पहाडी भूगोल (८००-१६०० मिटर सम्मको उचाई ) कफी खेतीका लागि उपयुक्त हुने भएकोले त्यस भेगका किसानहरुलाई बीउ, मल, बिरुवा, उपकरण, प्राविधिक सहयोग, आर्थिक सहुलियत उपलब्ध गराउन सके अर्गानिक कफी उत्पादन उल्लेखनीय रुपमा बढाउन सकिने देखिन्छ ।

स्रोत: स्थलगत सर्वेक्षण, तस्विर: योनेस राज श्रेष्ठ

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

### ५.१.१ होटल तथा लज*

१. आ.व.२०८१/८२ मा कोशी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटक आगमनमा वृद्धि भएको छ। चीनबाट आउने पर्यटकको संख्यामा कमी आएपनि भारतीय पर्यटकको उल्लेख्य आगमनका कारण विदेशी पर्यटकहरूको संख्या पनि आ.व. २०८१/८२ मा बढेको देखिन्छ।

२. आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा होटलहरूको औसत अकुपेन्सी दर ४२.५३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा उक्त होटलहरूको औसत अकुपेन्सी दर ४०.४५ प्रतिशत रहेको थियो।

३. आर्थिक वर्ष २०८१/८२ मा होटलको शैया संख्या अघिल्लो वर्षको तुलनामा ४.०९ प्रतिशतले बढेको छ।

४. आ.व. २०८१/८२ मा यस प्रदेशका होटलहरूमा आन्तरिक पर्यटकको संख्या १०.२७ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो संख्या १५.९३ प्रतिशतले बढेको थियो।

५. आ.व. २०८१/८२ मा यस प्रदेशका होटलहरूमा बाह्य पर्यटक आगमन संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा २८.६४ प्रतिशतले वृद्धि भएको देखिन्छ। गत आर्थिक वर्ष विदेशी पर्यटकको आगमनमा २३.९० प्रतिशतले बढेको थियो।

६. आर्थिक वर्ष २०८१/८२ मा भित्रिएका बाह्य पर्यटकहरूमध्ये भारत, चीन तथा तेस्रो मुलुकको हिस्सा क्रमशः ८७.५७ प्रतिशत, २.९६ प्रतिशत र ९.४७ प्रतिशत रहेको छ।

७. आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा भारतबाट आउने पर्यटकको संख्यामा ३२.०८ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्यामा १५.९४ प्रतिशत वृद्धि भएको छ भने चीनबाट आउने पर्यटकको संख्यामा ९.३८ प्रतिशतले कमी आएको छ। अघिल्लो वर्षको सोही अवधिमा भारत, चीन तथा तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या क्रमशः १६.३७, २४.०३ र १६०.६२ प्रतिशतले बढेको थियो।

८. आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा पर्यटकस्तरीय होटलको प्रत्यक्ष रोजगारीमा १२.३६ प्रतिशतले वृद्धि भएको देखिन्छ जुन आ.व. २०८०/८१ मा २०.०५ प्रतिशतले बढेको थियो।

---

***लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमूना छनोट गरिएका यस प्रदेशका ९ वटा पर्यटकस्तरीय होटेल (होटल होलिडे होम (झापा), ह्यारिसन होटल (विराटनगर), विग होटल (विराटनगर), होटल एसियाटिक (विराटनगर), रत्ना होटल (विराटनगर), समिट होटल (इलाम), होटल एभरेष्ट भ्यु (सोलुखुम्बु) , होटल मेची काउन(झापा) र होटल मानस्वी (झापा) बाट प्राप्त विवरण तथा तथ्याङ्को आधारमा गरिएको विश्लेषण।***

### ५.१.२ हवाई सेवा

आ.व.२०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या ०.६५ प्रतिशतले कमी आएको छ। अघिल्लो वर्षमा उक्त संख्या ६.१८ प्रतिशतले घटेको थियो। त्यसैगरी अघिल्लो आर्थिक वर्षको तुलनामा आ.व. २०८१/८२ मा कोशी प्रदेशका विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या ५.८५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त यात्रु संख्या २.४२ प्रतिशतले घटेको थियो।

**तालिका ५.१ : कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था**

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | २८८९४ | २६९३९ | २६७६३ | -६.७७ | -०.६५ |
| निर्गमन संख्या | २८५९५ | २६९४१ | २६७६७ | -५.७८ | -०.६५ |
| **जम्मा जहाज उडान संख्या** | **५७४८९** | **५३८८०** | **५३५३०** | **-६.२८** | **-०.६५** |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | ५६५५६२ | ५७८७३१ | ६०९५७२ | २.३३ | ५.३३ |
| निर्गमन संख्या | ६४१५३८ | ५९९१३० | ६३७२३३ | -६.६१ | ६.३६ |
| **समग्र यात्रु संख्या** | **१२०७१००** | **११७७८६१** | **१२४६८०५** | **-२.४२** | **५.८५** |

*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण*

*कोशी प्रदेशमा रहेका १५ वटा आन्तरिक विमानस्थलहरुमध्ये हाल १० वटा विमानस्थलहरु सञ्चालनमा रहेका छन् । सोलुखुम्बु जिल्लाको स्याङबोचे र काङगेलडाँडा विमानस्थल, ओखलढुङ्गाको खिजी चण्डेश्वरी र रुम्जाटार विमानस्थल र खोटाङको लामिडाँडा विमानस्थल गरी कुल ५ वटा विमानस्थलहरू हाल सञ्चालनमा रहेका छैनन् ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिष्ट्रेशन संख्या २६.३९ प्रतिशतले वृद्धि भई १ लाख ८ हजार ३३ वटा कारोबार भएको छ । यद्यपि कम मूल्याङ्कन भएका स्थानको घरजग्गा कारोबार उच्च भएकाले कारोबार संख्यामा बृद्धि भएतापनि रजिष्ट्रेशन बापतको राजस्वमा भने २१.९२ प्रतिशतले ह्रास आई रु.२ अर्ब ९८ करोड सङ्कलन भएको छ । अघिल्लो आर्थिक वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या २६.८४ प्रतिशतले तथा रजिष्ट्रेशन बापतको राजश्व १६.१३ प्रतिशतले घटेको थियो ।

**तालिका ५.२ : घरजग्गा रजिष्ट्रेशन र राजश्वको जिल्लागत अवस्था**

| जिल्ला | घरजग्गा रजिष्ट्रेशन संख्या | | | रजिष्ट्रेशन राजश्व रकम (रु.दश लाख) | | |
|---|---|---|---|---|---|---|
| | ८०/८१ | ८१/८२ | वृद्धिदर | ८०/८१ | ८१/८२ | वृद्धिदर |
| ताप्लेजुङ्ग | ८४२ | १४०७ | ६७.१० | २०.८१ | १६.१२ | -२२.५४ |
| संखुवासभा | १८४९ | २८५७ | ५४.५२ | ३०.६१ | ३५.११ | १४.७० |
| सोलुखुम्बु | ८२६ | ११९९ | ४५.१६ | २६.०४ | २२.९२ | -११.९८ |
| ओखलढुङ्गा | १०७२ | १६५८ | ५४.६६ | १३.७९ | १२.७५ | -७.५४ |
| खोटाङ | ११४३ | १५९५ | ३९.५५ | २२.७२ | १३.४० | -४१.०२ |
| भोजपुर | ११४१ | १६०४ | ४०.५८ | २४.०२ | १६.२१ | -३२.५१ |
| धनकुटा | १४९२ | १८६१ | २४.७३ | ३४.२४ | १८.३५ | -४६.४१ |
| तेह्रथुम | ४८५ | ८४८ | ७४.८५ | ५.९६ | ६.९९ | १७.२८ |
| पाँचथर | ९१५ | १३१८ | ४४.०४ | २३.६५ | १७.८० | -२४.७४ |
| ईलाम | २१७४ | २७३४ | २५.७६ | ९०.२१ | ६५.४२ | -२७.४८ |
| झापा | २३२५८ | २७२४१ | १७.१३ | ८८४.३५ | ६३८.४२ | -२७.८१ |
| मोरङ्ग | २५६६३ | ३२९२२ | २८.२९ | १२६७.९३ | ११२८.९३ | -१०.९६ |
| सुनसरी | २००९८ | २४६४९ | २२.६४ | १२२६.९० | ८५४.८३ | -३०.३३ |
| उदयपुर | ४५२० | ६१४० | ३५.८४ | १५७.५८ | १४२.४६ | -९.६० |
| **जम्मा** | **८५४७८** | **१०८०३३** | **२६.३९** | **३८२८.८१** | **२९८९.७१** | **-२१.९२** |

*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

२०८२ असार मसान्तसमा कोशी प्रदेशमा वाणिज्य बैंकका ७ सय ६३, विकास बैंकका १ सय ९६, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८ सय ५६ गरी जम्मा १ हजार ८ सय ५१ शाखाहरू रहेका छन् । यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी  ४ सय ५३ र ताप्लेजुङमा सबैभन्दा कम ३९ शाखा रहेका छन । २०८१ असार मसान्तसमा कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाका कुल १ हजार ८ सय ३७ शाखाहरू रहेका थिए ।

**तालिका : ५.३ कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| बैंक तथा वित्तीय संस्था | २०८० असार मसान्त | २०८१ असार मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | ७५४ | ७६३ |
| विकास बैंक | १९५ | १९६ |
| वित्त कम्पनी | ३६ | ३६ |
| लघुवित्त वित्तीय संस्था | ८५२ | ८५६ |
| **जम्मा शाखा संख्या** | **१८३७** | **१८५१** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १५.७२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ५३ अर्ब पुगेको छ । सर्वसाधारणमा खर्च गर्ने प्रवृतिमा कमी आएको, विप्रेषण आप्रवाह बढेको तथा वित्तीय सेवाको पहुँचमा विस्तार भएकाले निक्षेप परिचालन बढेको देखिन्छ ।

**तालिका ५.४ : कोशी प्रदेशका जिल्लाहरूमा निक्षेप परिचालनको स्थिति**

| जिल्ला | निक्षेप (रु. करोडमा) | | | वृद्धिदर(%) | | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८०/८१ | २०८१/८२ | २०८२ |
| ताप्लेजुङ | ६५३.२ | ७१९.८१ | ८३८.९२ | १०.२० | १६.५० | १.५२ |
| संखुवासभा | ८६४ | १०५८.७१ | १२२०.८३ | २२.५४ | १५.३१ | २.२१ |
| सोलुखुम्बु | ८६३.८ | १०५१.३१ | १२१९.१२ | २१.७१ | १५.९६ | २.२० |
| ओखलढुङ्गा | ६१४.५ | ७०४.३२ | ८३४.८१ | १४.६२ | १८.५३ | १.५१ |
| खोटाङ | ६८०.४ | ७६३.३४ | ९०७.८२ | १२.१९ | १८.९३ | १.६४ |
| भोजपुर | ५६०.६५ | ६६३.७५ | ७७८.८७ | १८.३९ | १७.३४ | १.४१ |
| धनकुटा | ९९४ | १११८.५९ | १३१७.५६ | १२.५३ | १७.७९ | २.३८ |
| तेह्रथुम | ५१३.८ | ६२४.५५ | ७३३.७० | २१.५६ | १७.४८ | १.३३ |
| पाँचथर | ७९६.१ | ९१९.२५ | १०९१.१५ | १५.४७ | १८.७० | १.९७ |
| इलाम | १६३१.४ | १८३३.९५ | २०७२.५३ | १२.४२ | १३.०१ | ३.७५ |
| झापा | ९२३२.६ | १०४६४.४४ | १२४३४.९० | १३.३४ | १८.८३ | २२.४८ |
| मोरङ | १३२७९.१ | १४९१८.४७ | १६९४३.१० | १२.३५ | १३.५७ | ३०.६४ |
| सुनसरी | १००५७.२ | ११२८५.१८ | १२९०९.७० | १२.२१ | १४.४० | २३.३४ |
| उदयपुर | १४११.५ | १६६४.६२ | २०००.७७ | १७.९३ | २०.१९ | ३.६२ |
| **जम्मा** | **४२१५२.२५** | **४७७९०.२९** | **५५३०३.७९** | **१३.३८** | **१५.७२** | **१००.००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेप मध्ये झापा, मोरङ र सुनसरीको हिस्सा ७६.४६ प्रतिशत रहेको छ भने अन्य जिल्लाको २३.५४ प्रतिशत रहेको छ । जिल्लागत निक्षेप सङ्कलनको आधारमा मोरङ जिल्लाको योगदान सबैभन्दा बढी ३०.६४ प्रतिशत र तेह्रथुम जिल्लाको सबैभन्दा कम १.३३ प्रतिशत योगदान रहेको छ ।

२०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा ५.९५ प्रतिशतले वृद्धि भई रु.६ खर्ब १३ अर्ब पुगेको छ। २०८२ असार मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा ९.१८ प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २६.१९ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६४.६३ प्रतिशत रहेको छ। २०८१ असार मसान्तमा कृषि कर्जाको हिस्सा १०.३५ प्रतिशत, औद्योगिक क्षेत्रको हिस्सा २४.१२ प्रतिशत र सेवा क्षेत्रमाप्रवाहित कर्जाको हिस्सा ६५.५३ प्रतिशत रहेको थियो । कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामध्ये झापा, मोरङ र सुनसरीमा प्रवाहित कर्जाको हिस्सा ८९.२६ प्रतिशत रहेको छ भने अन्य जिल्लाको १०.७४ प्रतिशत रहेको छ। जिल्लागत कर्जा प्रवाहको आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी ४५.८३ प्रतिशत र ताप्लेजुङ जिल्लाको हिस्सा सबैभन्दा कम क्रमशः ०.४२ प्रतिशत रहेको छ ।

**तालिका ५.५ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार |
|---|---|---|---|
| कृषि कर्जा | १०.९७ | १०.३५ | ९.१८ |
| औद्योगिक कर्जा | २३.१६ | २४.१२ | २६.१९ |
| सेवा कर्जा | ६५.८७ | ६५.५३ | ६४.६३ |


*स्रोत: नेपाल राष्ट्र बैंक*

**तालिका ५.६ : कोशी प्रदेशका जिल्लाहरूमा बैंक तथा वित्तीय संस्थाहरुवाट कर्जा प्रवाहको स्थिति**

| जिल्ला | कर्जा (रु. करोडमा) | | | वृद्धिदर (%) | | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८२ असार मसान्त | २०८०/८१ | २०८१/८२ | २०८२ |
| ताप्लेजुङ | २६०.२ | २५३.३४ | २५६.४ | -२.६४ | १.२२ | ०.४२ |
| संखुवासभा | ५८८.५ | ५६२.८७ | ५५२.२ | -४.३६ | -१.९० | ०.९० |
| सोलुखुम्बु | ३२०.६ | ३१३.३३ | ३२३.३ | -२.२७ | ३.१८ | ०.५३ |
| ओखलढुङ्गा | ५०५.१ | ४८१.६९ | ४८४.५ | -४.६३ | ०.५८ | ०.७९ |
| खोटाङ | २९९.१ | ३१८.९ | ३२६.० | ६.६२ | २.२३ | ०.५३ |
| भोजपुर | ३२८.१ | ३२५.८३ | ३१३.९ | -०.६९ | -३.६७ | ०.५१ |
| धनकुटा | ६५४.४ | ६४६.११ | ६४६.४ | -१.२७ | ०.०५ | १.०५ |
| तेह्रथुम | २८२.८ | २७७.७ | २८०.० | -१.८० | ०.८२ | ०.४६ |
| पाँचथर | ४५८.९ | ४४८.०३ | ४७७.७ | -२.३७ | ६.६३ | ०.७८ |
| इलाम | १०६३.३ | २१८६.३९ | १११०.७ | १०५.६२ | -४९.२० | १.८१ |
| झापा | १२९५१.३ | १२४७४.३३ | १३४९३.८ | -३.६८ | ८.१७ | २२.०० |
| मोरङ | २३६३५.५ | २५४३१.५३ | २८११२.३ | ७.६० | १०.५४ | ४५.८३ |
| सुनसरी | १२८०७.९ | १२५१५.९४ | १३१४८.० | -२.२८ | ५.०५ | २१.४३ |
| उदयपुर | १६१२.५ | १६५७.६८ | १८१३.७ | २.८० | ९.४१ | २.९६ |
| **जम्मा** | **५५७६८.२०** | **५७८९३.६७** | **६१३३९.००** | **३.८१** | **५.९५** | **१००.००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

चार्ट ५.१ : कर्जा तथा निक्षेपको स्थिति




*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.३ अन्य वित्तीय विवरण

२०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ७.१४ प्रतिशत, बचत निक्षेपको अंश ५०.८४ प्रतिशत, मुद्दती निक्षेपको अंश ३६.०२ प्रतिशत र अन्य निक्षेपको अंश ६.०० प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश ६.५३ प्रतिशत, बचत निक्षेपको अंश ४४.२७ प्रतिशत, मुद्दती निक्षेपको अंश ४३.१९ प्रतिशत र अन्य निक्षेपको अंश ६.०१ प्रतिशत रहेको थियो । आ.व. २०८१/८२ मा मुद्दती निक्षेप ३.५० प्रतिशतले घटेको तथा चल्ती, बचत र अन्य निक्षेपको रकम क्रमशः २६.४३ प्रतिशत, ३२.९१ प्रतिशत र १५.६५ प्रतिशतले बढेको छ ।

२०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा यस प्रदेशको निक्षेपकर्ताको संख्या ७.६९ प्रतिशत वृद्धि भई ८२ लाख ४७ हजार ८ सय ६२ पुगेको छ भने ऋणीहरूको संख्यामा अघिल्लो वर्षको तुलनामा २.६९ प्रतिशतले वृद्धि भई ३ लाख ११ हजार २ सय ९५ पुगेको छ । २०८१ असार मसान्तमा निक्षेपकर्ताको संख्या ७६ लाख ५९ हजार ३५ र ऋणीहरूको संख्या ३ लाख ३ हजार १ सय २७ रहेको थियो ।

**तालिका ५.७ : कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना**

| निक्षेप | निक्षेप (रु.करोडमा) | | | वृद्धिदर (प्रतिशत) | | कुल निक्षेपमा हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०८० असार मसान्तसम्म | २०८१ असार मसान्तसम्म | २०८२ असार मसान्तसम्म | २०८०/८१ | २०८१/८२ | २०८२ |
| **कुल निक्षेप** | ४२१५२.१८ | ४७७९०.३१ | ५५३०३.७८ | १३.३८ | १५.७२ | १००.०० |
| चल्ती | ३४५५.५१ | ३१२२.८५ | ३९४८.०९ | -९.६३ | २६.४३ | ७.१४ |
| बचत | १६७००.३७ | २११५६.८९ | २८११८.६१ | २६.६९ | ३२.९१ | ५०.८४ |
| मुद्दती | १९५३०.८४ | २०६४१.१५ | १९९१८.५९ | ५.६८ | -३.५० | ३६.०२ |
| अन्य | २४६५.४२ | २८६९.४२ | ३३१९.४८ | १६.३९ | १५.६५ | ६.०० |

*स्रोत : नेपाल राष्ट्र बैंक*

आ.व. २०८१/८२ मा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा ५.९५ प्रतिशतले वृद्धि भई रु.६ खर्ब १३ अब पुगेको छ । २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा विपन्न वर्ग कर्जा २८.९९ प्रतिशतले कमी आई रु.३८ अर्ब ९५ करोड रहेको छ। २०८१ असार मसान्तमा उक्त कर्जा रु.५४ अर्ब ८५ करोड रहेको थियो। २०८२ असार मसान्तसम्म कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ६.३५ प्रतिशत रहेको छ। २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा पुनरकर्जाको बक्यौता ७.२१ प्रतिशतले कमी आई रु.१ करोड ६८ लाख रहेको छ। २०८१ असार मसान्तमा उक्त कर्जाको बक्यौता रु.१ करोड ८१ लाख रहेको थियो । २०८२ असार मसान्तसम्म कुल कर्जाको तुलनामा पुनरकर्जाको हिस्सा ०.००३ प्रतिशत रहेको छ । २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा सहुलियतपूर्ण कर्जा ४४.६६ प्रतिशतले कमी आई रु.१० अर्ब ८९ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्ष पनि उक्त कर्जा ३९.२७ प्रतिशतले घटेको थियो। २०८२ असार मसान्तसम्म कुल कर्जाको तुलनामा सहुलियतपूर्ण कर्जाको हिस्सा १.७८ प्रतिशत रहेको छ। २०८२ असार मसान्तसम्म यस प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा शीर्षकमा सबैभन्दा बढी ६७.८६ प्रतिशत तथा महिला उद्यमशील कर्जा शीर्षकमा ३१.७९ प्रतिशत कर्जा बक्यौता रहेको छ भने अन्य शीर्षकमा नगन्य मात्रामा कर्जाको बक्यौता रहेको छ।

**तालिका ५.८ : कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत)**

| विवरण | २०८० असार | २०८१ असार | २०८२ असार |
|---|---|---|---|
| विपन्न वर्ग कर्जा | ८.२५ | ९.४८ | ६.३५ |
| पुनरकर्जा | ०.९७ | ०.००३ | ०.००३ |
| सहुलियतपूर्ण कर्जा | ५.८१ | ३.४० | १.७८ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

**तालिका ५.९ : कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण**

| क्र.सं. | सहुलियतपुर्ण कर्जाको प्रकार | कर्जा रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | ०.०० | ०.०० |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.०० | ०.०० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | १५.१९ | ०.१४ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | १.०३ | ०.०१ |
| ५ | शिक्षित युवा स्वरोजगार कर्जा | ०.४६ | ०.००४ |
| ६ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | २०.७८ | ०.१९ |
| ७ | उच्च र प्राविधिक/व्यवसायीक शैक्षिक कर्जा | ०.९५ | ०.०१ |
| ८ | व्यवसायीक कृषि तथा पशुपंक्षी कर्जा | ७३९५.९४ | ६७.८६ |
| ९ | महिला उद्यमशील कर्जा | ३४६४.९७ | ३१.७९ |
| १० | युवावर्ग स्वरोजगार कर्जा | ०.०० | ०.०० |
| | **जम्मा** | **१०८९९.३२** | **१००.००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*


#### ५.३.४ सहकारी क्षेत्र $

१. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा सहकारी संस्थाहरूको कुल पुँजी २.८ प्रतिशतले वृद्धि भएको छ। २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा सहकारी संस्थाहरूको पुँजी ३.७ प्रतिशतले वृद्धि भएको थियो ।

२. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा सहकारी संस्थाहरूको कुल बचत र कुल कर्जा क्रमशः १४.६ र ४.७ प्रतिशतले वृद्धि भएको छ । २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा सहकारी संस्थाहरूको कुल बचत र कुल कर्जा क्रमशः १९.७ र १.७ प्रतिशतले वृद्धि भएको थियो ।

३. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा सहकारी संस्थाहरूको सदस्य संख्या ४.८ प्रतिशतले वृद्धि भएको छ भने कर्मचारी संख्या २.७ प्रतिशतले घटेको छ। २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा सहकारी संस्थाहरूको सदस्य संख्या ९ प्रतिशतले वृद्धि भएको थियो भने कर्मचारी संख्या ०.६ प्रतिशतले घटेको थियो ।

**चार्ट ५.२ : सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशतमा)**




*स्रोतः अध्ययन क्षेत्रका सहकारी संस्थाहरू*

*$ यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० ठुला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा गरिएको विश्लेषण ।*

#### ५.३.५ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशका १४ जिल्लामा रहेका १६ वटा नोटकोषहरु मध्ये खोटाङ, उदयपुर, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका ४ वटा नोटकोषहरुमा क्रमशः जनकपुर कार्यालयबाट रु.९० करोड, रु.३ अर्ब ८५ करोड, रु.२९ करोड ३३ लाख र रु.६ करोड ७५ लाख तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्लाहरु (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषहरुमा विराटनगर कार्यालयबाट

रु.२२ अर्ब ४ करोड १० लाख गरी कुल रु.२७ अर्ब १५ करोड १८ लाख फण्ड ट्रान्सफर भएको छ । अघिल्ला वर्षको सोही अबधिमा रु.२५ अर्ब ४९ करोड ३८ लाख को फण्ड ट्रान्सफर भएको थियो । आ.व. २०८१/८२ अवधिमा सबैभन्दा बढी झापा जिल्लामा रु.८ अर्ब ४२ करोड ५० लाख र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा रु.६ करोड ७५ लाख फण्ड ट्रान्सफर भएको छ ।

**तालिका ५.१० : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको अवस्था**

| जिल्ला | फण्ड ट्रान्सफरको रकम (रु. करोडमा) | | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| | आ.व. २०७९/८० (साउन-असार) | आ.व. २०८०/८१ (साउन-असार) | आ.व. २०८१/८२ (साउन-असार) | |
| ताप्लेजुङ | ११३ | ८९ | १०१.५० | १४.०४ |
| संखुवासभा | २७० | २३५ | २६२ | ११.४९ |
| सोलुखुम्बु | ३० | ४३.२३ | ६.७५ | -८४.३९ |
| ओखलढुङ्गा | ३५ | ४४.१ | २९.३३ | -३३.५० |
| खोटाङ | ६० | ५५ | ९० | ६३.६४ |
| भोजपुर | ९७ | ७० | ८४ | २०.०० |
| धनकुटा | १४३ | १४२ | ९८ | -३०.९९ |
| तेह्रथुम | ९७ | १२५ | १२९.५० | ३.६० |
| पाँचथर | १४४ | १२५.०५ | १५३.१० | २२.४३ |
| इलाम | २११ | १८७ | १३७ | -२६.७० |
| झापा | ५८८ | ७६४ | ८४२.५० | १०.२७ |
| मोरङ | - | - | - | - |
| सुनसरी | २६५ | ३४० | ३९६.५० | १६.६२ |
| उदयपुर | ३८५ | ३३० | ३८५ | १६.६७ |
| **जम्मा** | **२४३८** | **२५४९.३८** | **२७१५.१८** | **६.५०** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.६ विदेशी विनिमय

२०८२ असार मसान्तसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयबाट ५९ मनिचेञ्जर, ४ होटल, १ ट्रेकिङ एजेन्सी र २ अन्य गरी ६६ एजेन्सीहरूले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् ।

**तालिका ५.११ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण (रु.करोडमा)**

| मुद्रा | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
| अमेरिकी डलर | १६.२९ | ३.१० | ०.६८ |
| यूरो | २.२३ | १.०० | ०.४७ |
| अन्य | ९.७३ | ५.१९ | ३.६४ |
| **जम्मा** | **२८.२५** | **९.२९** | **४.७८** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयले रु.४ करोड ७८ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको छ । खरिद गरिएका परिवर्त्य विदेशी मुद्राहरूमध्ये रु.६८ लाख बराबरको अमेरिकी डलर, रु.४७ लाख बराबरको युरो र रु.३ करोड ६४ लाख बराबरका अन्य विदेशी मुद्रा रहेका छन् । आ.व. २०८१/८२ मा अमेरिकी डलरको खरिद ७८.१


प्रतिशतले, युरो तथा अन्य मुद्राको खरिदमा क्रमशः ५३.५ प्रतिशत र २९.८ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस बैंकले रु.९ करोड २९ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको थियो ।

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा कुल ५१ हजार १ सय ३४ सवारी साधन दर्ता भएका छन् जुन आर्थिक वर्ष २०८०/८१ को तुलनामा ३४.१३ प्रतिशतले बढी हो । यसमध्ये मोटरसाइकलको र अन्य सवारी को हिस्सा क्रमशः ६६ र ३४ प्रतिशत रहेको छ । २०८२ असार मसान्तमा यस प्रदेशका १४ वटा जिल्लाहरू मध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ वटा जिल्लाहरूबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ ।

**चार्ट ५.३ : यातायातका साधनको संख्या**





*स्रोतः यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय*

### ५.४.२ सञ्चार

२०८२ असारमसान्त सम्ममा कोशी प्रदेशमा कुल वितरित टेलिफोन संख्यामा ०.६३ प्रतिशतले वृद्धि भइ ५२ लाख ६१ हजार ५ सय ५० पुगेको छ । अघिल्लो आर्थिक वर्षको असार मसान्तमा यो संख्या ५२ लाख २८ हजार ६ सय ७२ रहेको थियो । त्यसैगरी, इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या १०.०० प्रतिशतले वृद्धि भई ४८ हजार ४ सय ५३ पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या १०.३१ प्रतिशतले बढेको थियो ।

चार्ट ५.४ : कुल वितरित टेलिफोनको जिल्लागत अवस्था




*स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.*

## ५.५ शिक्षा तथा स्वास्थ्य

### ५.५.१ शिक्षा

२०८२ असार मसान्तमा कोशी प्रदेशमा सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी र प्राविधिक शिक्षालयको संख्या कुल ७ हजार ५२ रहेको छ भने विश्वविद्यालयमा आबद्ध क्याम्पसको संख्या १ सय ५८ रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा सरकारी/सामुदायिक विद्यालयको संख्या २५ वटा र संस्थागत/निजी विद्यालय २० वटा घटेको छ । प्राविधिक शिक्षालयको संख्या भने यथावत रहेको छ। २०८२ असार मसान्तसम्म ५ हजार २ सय ७२ वटा सरकारी, १ हजार ६ सय ७३ वटा निजी र १ सय ७ वटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशमा रहेका विद्यालयहरूमा अध्ययनरत कुल विद्यार्थी संख्या ३.७७ प्रतिशतले बढेर १३ लाख ५१ हजार ६ सय ३६ जना पुगेको छ। आर्थिक वर्ष २०८०/८१ मा यो संख्या २.३३ प्रतिशतले घटेको थियो । सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा ७.७३ प्रतिशतले विद्यार्थी संख्या घटेको देखिन्छ भने निजी क्षेत्रका विद्यालयमा यस्तो संख्या २३.९८ प्रतिशतले बढेको देखिन्छ ।

आ.व. २०८१/८२ मा यस प्रदेशका सरकारी, निजी र प्राविधिक विद्यालयमा कार्यरत कुल शिक्षकको संख्या ४४ हजार २९ रहेको छ ।

**तालिका ५.१२ : सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था**

| विवरण | असार मसान्त | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०८०सं. | २०८१सं. | २०८२ | २०८०/८१ | २०८१/८२ |
| विद्यालय तथा विश्वविद्यालयको क्याम्पसको संख्या | ७२१० | ७२५४ | ७२१० | ०.६१ | -०.६१ |
| विद्यार्थी संख्या | १३३३५२२ | १३०२५१० | १३५१६३६ | -२.३३ | ३.७७ |
| शिक्षक संख्या | ४३६७१ | ४४४३० | ४४०२९ | १.७४ | -०.९० |

*स्रोत : शिक्षा विकास तथा समन्वय इकाई*

सं. : संसोधित

### ५.५.२ स्वास्थ्य

२०८२ असार मसान्तसम्म कोशी प्रदेशमा सरकारी र निजी गरी कुल अस्पताल संख्या १ सय ७५ रहेका छन् । २०८१ असार मसान्तमा यस्ता अस्पतालको संख्या १ सय ६३ रहेको थियो ।

२०८२ असार मसान्तमा कोशी प्रदेशमा निजी र सरकारी अस्पतालमा कार्यरत चिकित्सकको कुल संख्या २.५३ प्रतिशतले वृद्धि भई १ हजार ७ सय ४३ पुगेको छ । २०८१ असार मसान्तमा उक्त संख्या १ हजार ७ सय रहेको थियो ।

२०८२ असार मसान्तमा सरकारी र निजी अस्पतालको शैया संख्या १.२९ प्रतिशले बढेर ६ हजार ९ सय ४५ वटा पुगेको छ । २०८१ असार मसान्तमा यस्तो संख्या ६ हजार ८ सय ५७ वटा रहेको थियो । अस्पतालको संख्या बढेसँगै शैयाको संख्या पनि बढेको देखिन्छ ।

**तालिका ५.१३ : कोशी प्रदेशमा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या**

| विवरण | असार मसान्त | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८१ | २०८२ |
| सरकारी/सामुदायिक अस्पताल | ६२ | ६३ | ७६ | १.६१ | २०.६३ |
| निजी अस्पताल | १०२ | १०० | ९९ | -१.९६ | -१ |
| कुल चिकित्सक संख्या | १६४४ | १७०० | १७४३ | २.४३ | ३.६४ |
| कुल शैया संख्या | ६७१५ | ६८५७ | ६९४५ | ०.३४ | -०.३३ |

*स्रोत : जिल्लास्थित स्वास्थ्य कार्यालय*

## ५.६ सेवा क्षेत्र कर्जा

२०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ४ प्रतिशतले बढ्न गई रु.३ खर्ब ५४ अर्ब पुगेको छ । अघिल्ला वर्षको सोही अवधिमा यस्तो कर्जा ४.१८ प्रतिशतले घटेको थियो । २०८२ असार मसान्तसम्म कुल सेवा कर्जामध्ये अन्य सेवा कर्जा सबैभन्दा बढी ३०.२५ प्रतिशतले वृद्धि भएको छ भने पर्यटन कर्जा सबैभन्दा बढी ८.४७ प्रतिशतले घटेको छ । २०८२ असार मसान्तसम्म कुल सेवा कर्जा मध्ये उपभोग्य कर्जा शीर्षकमा सबैभन्दा बढी ३४.५३ प्रतिशत र अन्य सेवा शीर्षकमा सबैभन्दा कम ०.९८ प्रतिशत कर्जा प्रवाह भएको छ ।

तालिका ५.१४ : सेवा क्षेत्र कर्जाको क्षेत्रगत अवस्था

| सेवा क्षेत्र | कर्जा (रु. करोडमा) | | | वृद्धिदर | | कुल सेवा कर्जामा हिस्सा |
|---|---|---|---|---|---|---|
| | २०७९/८०सं. | २०८०/८१सं. | २०८१/८२ | २०८०/८१ | २०८१/८२ | |
| यातायात, भण्डारण र सञ्चार | ७९७.२७६६ | ६७३.६३ | ६८८.०५ | -१५.५१ | २.१४ | १.७४ |
| थोक तथा खुद्रा विक्रेता | १३५३१.०९ | १३१०८.४८ | १३४१३.१८ | -३.१२ | २.३२ | ३३.८३ |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २०३९.३९१ | २४६०.३६ | २२५८.८६ | २०.६४ | -८.१९ | १०.६९ |
| पर्यटन | १९६८.७६३ | १२९०.१७ | ११८०.८५ | -३४.४७ | -८.४७ | ३.०१ |
| अन्य सेवा | १२०३.२०३ | ३१०.९२ | ४०४.९६ | -७४.१६ | ३०.२५ | ०.९८ |
| उपभोग्य कर्जा | १२१६१.४७ | १२४२९.३५ | १३६८८.४६ | २.२० | १०.१३ | ३४.५३ |
| अन्य | ३८६७.८४६ | ३८०७.५८ | ३८०९.७३ | -१.५६ | ०.०६ | १५.२२ |
| **कुल सेवा कर्जा** | **३५,५६९.०४** | **३४,०८०.४९** | **३५,४४४.०९** | **-४.१८** | **४.००** | **१००** |

*स्रोत : नेपाल राष्ट्र बैंक*
सं. : संसोधित

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.७.१ चुनौतीहरु

१. निरन्तर राजनीतिक अनिश्चितता र बेला बेला हुने बन्द हडताल कारण नेपाल भ्रमण गर्न हिच्किचाउने अवस्थामा विदेशी पर्यटकहरुलाई आकर्षित गरी पर्यटन व्यवसायी र लगानीकर्ताको मनोबल उच्च राख्दै पर्यटकहरुको आवागमनमा वृद्धि गर्नु ।

२. कोशी प्रदेशका दुर्गम क्षेत्रहरुमा रहेको प्रमुख पर्यटकीय गन्तव्यमा यातायातको सुविधा, विद्युत् तथा संचारको उपलब्धता र होटल रेष्टुरेन्ट लगायतका पर्यटकलाई आवश्यक सुविधा उपलब्ध गराउनु ।

३. कोशी प्रदेशमा अवस्थित सोलुखुम्बु लगायतका हिमाली क्षेत्रमा पर्यटकको आवागमनमा अभिवृद्ध गर्दै उक्त क्षेत्रहरुमा स्वच्छता कायम राख्ने कार्यलाई निरन्तरता दिनु ।

४. कोशी प्रदेशका ग्रामीण तथा दुर्गम क्षेत्रमा वित्तीय समावेशीता लाई बढावा दिंदै वित्तीय सेवाको पहुँचको विस्तार गर्नु ।

५. बाढी पहिरो र भुकम्पबाट क्षतिग्रस्त सडक संरचनाको पुन: निर्माणका साथै उच्चकोटीको प्रमुख राजमार्ग, उत्तर दक्षिण महत्वपूर्ण व्यापारिक नाका जोड्ने सडक मार्गको विकास गरी सडक संजाल विस्तार गर्नु ।

६. ग्रामीण तथा दुर्गम क्षेत्रमा अप्टिकल फाइबर, सेल टावरहरु जस्ता भौतिक सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास गरी सञ्चारको पहुँच विस्तार गर्नु ।

७. सडकहरुको स्तरोन्नती र सुरुङ्ग मार्गको निर्माण गरी यातायात सेवाको क्षेत्रमा ढुवानी खर्च कम गर्दै सडक यातायातलाई सर्वसुलभ बनाउनु ।

८. सूचना र सञ्चार प्रविधिको सदुपयोग गर्दै गुणस्तरको सुनिश्चितता सहित सामुदायिक विद्यालय प्रतिको आकर्षण अभिवृद्धि गर्नु ।

९. स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितताका साथै कोशी प्रदेशका सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ रुपमा निःशुल्क उपलब्ध गराउँदै स्वास्थ्य बीमालाई समेत प्रभावकारी रुपमा कार्यान्वयन गराउनु ।

**५.७.२ सम्भावनाहरु**

१. विशेष गरी भारतीय पर्यटकहरुको आवागमनमा भएको वृद्धिलाई मध्यनजर गर्दा सीमा नाकामा नै पर्यटकहरुलाई पिक एण्ड ड्रपको व्यवस्था गर्ने गरी मनोरञ्जन पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, कृषि पर्यटन लगायतका प्याकेज टुरको व्यवस्था गर्न सके यस क्षेत्रको आर्थिक गतिविधि बढ्नुका साथै रोजगारीको अवसरमा समेत वृद्धि हुन सक्ने ।

२. कोशी प्रदेशको पहाडी र हिमाली क्षेत्रमा अप्टिकल फाइबर, बैकल्पिक उर्जा सहितको नियमित विद्युत् आपूर्ति, सुलभ यातायातको पहुँचको व्यवस्था गरी आइटी हब को रुपमा विकास गरी आइटी क्षेत्रमा हुने लगानीलाई आकर्षित गर्न सकिने ।

३. जोगबनी किमाथांका नाकालाई जोड्ने सडक निर्माण सम्पन्न भई संचालनमा आएमा भारत र चीनको ट्रेड रुटको रुपमा विकास भई व्यापारमा वृद्धि, आपूर्ति व्यवस्था सहज हुने र अप्रत्यक्ष रुपमा रोजगारीमा समेत वृद्धि हुने ।

४. कोशी प्रदेशको सबै स्थानीय तहमा बैंकको पहुँच पुगेको, विद्युत् र इन्टरनेटको पहुँच समेत विस्तार हुँदै गएकोले डिजिटल बैंकिङ्ग र भुक्तानी प्रणाली सेवालाई विस्तार गर्न सकिने ।

५. कोशी प्रदेशको दक्षिणी सीमावर्ती क्षेत्रका प्रमुख सहरहरुका अस्पताल तथा स्वास्थ्य क्लिनिकहरुमा भारतीय सेवाग्राहीहरुको बाक्लो उपस्थितिले स्वास्थ्य सेवाको माग उच्च रहेको देखिएकोले नयाँ अस्पताल तथा क्लिनिकहरु विस्तार हुन सक्ने ।


# परिच्छेद ६: पूर्वाधार र रोजगार

## ६.१ पूर्वाधार क्षेत्र

कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्ममा निर्माण सम्पन्न ५९ वटा जलविद्युत आयोजनाहरूको उत्पादन क्षमता ७७०.९५ मेगावाट रहेको छ । त्यसैगरी मोरङ जिल्लामा ग्रिड कनेक्टेड सोलार आयोजनाबाट ६.८ मेगावाट र झापा जिल्लामा झापा इनर्जी लिमिटेडबाट १० मेगावाट क्षमताको सोलार आयोजनाबाट विद्युत उत्पादन भइरहेको छ। कोशी प्रदेशमा सञ्चालित आयोजनाहरूको कुल उत्पादन क्षमता ७८७.७५ मेगावाट रहेको छ । आ.व. २०८१/८२ मा कोशी प्रदेशमा निर्माण सम्पन्न १० वटा जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता १३४.२० मेगावाट रहेको छ ।

कोशी प्रदेशमा सञ्चालित जलविद्युत आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सबैभन्दा बढी २५७.४३ मेगावाट विद्युत उत्पादन क्षमता रहेको छ। यस प्रदेशका जिल्लाहरूमध्ये इलाममा १७ वटा, संखुवासभामा १० वटा, सोलुखुम्बुमा ८ वटा, ताप्लेजुङमा ७ वटा, पाँचथरमा ५ वटा, खोटाङ, भोजपुर र ओखलढुङ्गामा ३/३ वटा तथा तेह्रथुममा १ वटा जलविद्युत आयोजनाहरु रहेका छन् भने झापा र मोरङमा १/१ वटा सोलार विद्युत आयोजनाहरु रहेका छन् ।

**चार्ट ६.१ : जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)**




*स्रोत : विद्युत विकास विभाग*

**कोशी प्रदेशमा अवस्थित अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजनाहरु**

**१. अरुण तेस्रो जलविद्युत परियोजना**

अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी दुई वटा आयोजनाहरु रहेका छन् । दुवै आयोजनाको कुल अनुमानित लागत रु.१ खर्ब ४५ अर्ब रहेको छ ।

**अरुण तेस्रो जलविद्युत आयोजना** : ९०० मे.वा. कुल विद्युत उत्पादन क्षमता रहेको यस आयोजनाको निर्माण कार्य वि.स. २०७५ वैशाखबाट प्रारम्भ भई वि.स. २०८४ पुस सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । २०८२ असार मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७१ प्रतिशत र ६९ प्रतिशत रहेको छ । यस आयोजनामा स्वदेशी १ हजार ७ सय ८९ जना र विदेशी १ हजार ३०४ जना गरी कुल ३ हजार ९३ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारणलाइन निर्माण :** ४ सय के.भी. क्षमता २१७ किलोमिटर लम्बाई भएको यस आयोजनाको निर्माण कार्य वि.स. २०७६ माघबाट प्रारम्भ भई वि.स. २०८४ पुसमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८२ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ५४ प्रतिशत र ४६ प्रतिशत रहेको छ । यस आयोजनाबाट स्वदेशी ३२३ र विदेशी २३४ गरी कुल ५५७ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**२. कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेशन निर्माण**

कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेशन, वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशन र वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन दोस्रो सर्किट र बसन्तपुर सव-स्टेशनमा बे एक्सटेन्सन गरी चार वटा आयोजनाहरू रहेका छन् ।

- कोशी कोरिडोर अन्तर्गत सन् २०१६ जुनबाट निर्माण कार्य प्रारम्भ भएको १०६ कि.मी लम्बाइ भएको **ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना**को निर्माण कार्य सम्पन्न भई मिति २०७९ साउन १९ बाट सञ्चालनमा आइसकेको छ । यस आयोजनाको कुल लागत ३ करोड ७३ लाख अमेरिकी डलर रहेको छ ।
- कोशी कोरिडोर अन्तर्गत **तुम्लिङटार–बानेश्वर–वसन्तपुर–इनरुवा गरी ४ वटा सव स्टेशनको** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएकोमा सन् २०२३ डिसेम्बर ३१ मा निर्माण कार्य सम्पन्न भएको हो । यस आयोजनाको कुल लागत २ करोड ६ लाख अमेरिकी डलर रहेको थियो ।
- कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाई रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो । कुल लागत २ करोड १० लाख अमेरिकी डलर रहेको यस आयोजनाको निर्माण सम्पन्न सन् २०२४ जुलाई ३ मा भएको हो ।

- कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट र बसन्तपुर सव-स्टेशनमा वे एक्सटेन्सन** निर्माण कार्य सन् २०२२ नोभेम्बरबाट प्रारम्भ भएकोमा सन् २०२५ अगष्ट २४ मा निर्माण कार्य सम्पन्न भएको हो । यस आयोजनाको कुल लागत ६६ करोड नेपाली रुपैयाँ रहेको थियो ।

**३. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना**

यस आयोजनाको निर्माण कार्य आ.व.२०७४/०७५ बाट प्रारम्भ भई आ.व. २०८२/०८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल २३ कि.मी लम्बाइ रहेको यस आयोजनाको अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड २८ लाख ५० हजार रहेको छ । यस आयोजनाको वि.सं. २०८२ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७२.९६ प्रतिशत र ७१.७४ प्रतिशत रहेको छ ।

**४. पुष्पलाल मध्यपहाडी लोकमार्ग**

कोशी प्रदेश अन्तर्गत पुष्पलाल मध्यपहाडी लोकमार्गको कुल लम्बाइ ५१६.२९ किलोमिटर (संशोधित) रहेको छ । यस लोकमार्गको दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

- यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ । वि.स. २०६९ वैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८६ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ । २०८३ चैत्रसम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको २०८२ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७६ प्रतिशत तथा ८१ प्रतिशत रहेको छ । यस आयोजनाबाट कुल १ हजार १५० जनाले रोजगारी पाइरहेका छन ।
- त्यसैगरी यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ । आ.व.२०७१/०७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३३ किलोमिटर(पुल समेत) रहेको छ । जसमध्ये हलेसी दिक्तेल सडक खण्ड ३५ किलोमिटर र हर्कपुर जयराम सडक खण्ड १४ किलोमिटरको निर्माण कार्य सम्पन्न भई सडक डिभिजन कार्यलय हर्कपुरको मातहतमा रहेको छ । यस खण्ड अन्तर्गत निर्माण कार्य भइरहेको ८४ किलोमिटर सडक तथा पुलको निर्माण कार्य २०८३/०८४ मा सम्पन्न हुने र आयोजनाको कुल लागत २ अर्ब १४ करोड लाग्ने अनुमान गरिएको छ । यस आयोजना अन्तर्गत निर्माण भइरहेका सडक तथा पुलको वि.सं. २०८२ असार मसातसम्मको भौतिक र वित्तीय प्रगति समान ६५ प्रतिशत रहेको छ । यस आयोजनाबाट स्वदेशी कुल ७०० जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**५. हुलाकी राजमार्ग**

कोशी प्रदेशको झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाइ ३४३ किलोमिटर रहेको छ । साथै, यस खण्ड अन्तर्गत ४१ वटा पुलहरू रहेका छन् । रु. १५ अर्ब अनुमानित लागत रहेको यस खण्डको निर्माण कार्यको प्रारम्भ आ.व. २०६६/०६७ बाट भएको हो । आ.व. २०८३/०८४ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०८२ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७२.० प्रतिशत तथा ६८ प्रतिशत रहेको छ ।

### ६. मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)

कोशी प्रदेशमा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ। यस राजमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लाहरूमा पर्दछ। आ.व. २०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३० किलोमिटर रहेको छ। कुल अनुमानित लागत रु.१० अर्ब १३ करोड रहेको र आ.व.२०८३/८४ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०८२ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८१ प्रतिशत तथा ७९ प्रतिशत रहेको छ। यस खण्डमा स्वदेशी ५५० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

त्यस्तै, लोकमार्गको **दोस्रो खण्ड** कोशी प्रदेशको उदयपुर र खोटाङ तथा बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ। यस अन्तर्गत उदयपुर, सिन्धुली खण्डको १३५ किलोमिटर सडकको निर्माण कार्य सम्पन्न भएको छ। उदयपुर ,खोटाङ खण्ड अन्तर्गत पर्ने १०१ किलोमिटर सडकको २०८२ असार मसान्त सम्मको भौतिक र वित्तिय प्रगति क्रमश ५० प्रतिशत र ४९.५ प्रतिशत रहेकोछ। २०८४ मंसिर सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस सडक खण्डको अनुमानित लागत २ अर्व ६८ करोड रुपैया रहेको छ।

### ७. उत्तर-दक्षिण (कोशी) सडक योजना

दक्षिणमा भारतको सिमाना जोगवनीदेखि वसन्तपुर खाँदबारी हुँदै नेपालको उत्तरी सिमाना किमाथांका जोड्ने राष्ट्रिय गौरवको यो सडक योजना रहेको छ।

- यस लोकमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्यको प्रारम्भ आ.व.२०६९/७० बाट भएको हो। कुल लम्बाई ४९.५ कि.मि रहने ६ लेनमा स्तरोन्नती भईरहेको यस सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ९८ करोड रहेको छ। यस योजनाको वि.सं.२०८२ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमश : ८५.८५ र ८३.१८ प्रतिशत रहेको छ।
- विभिन्न खण्डहरूमा निर्माण भइरहेको यस सडक योजनाको कार्यक्षेत्र भित्र **संखुवासभा जिल्लाको खाँदबारीदेखि उत्तरी सीमा किमाथांका**सम्मको कुल १ सय ६२ कि.मि सडक पर्दछ। आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस योजनाको कुल अनुमानित लागत (पुल र कालोपत्रे सहित) रु.१६ अर्ब २० करोड रहेको छ। आ.व. २०८७/८८ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस योजनाको वि.सं. २०८२ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४५.० प्रतिशत र ४१.३ प्रतिशत रहेको छ। यस आयोजनामा कार्यालयको तर्फबाट ३७ जना र निर्माण व्यवसायीको तर्फबाट ६१५ जना गरी कुल ६५२ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन्।

### ८. प्रदेश गौरवको आयोजना : विराटचोक-धिनाघाट सडक आयोजना

कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको निर्माण कार्य आ.व २०७५/७६ बाट प्रारम्भ भएको हो। कुल लम्बाई २२ किलोमिटर रहेको यस ४ लेन सडक आयोजनाको कुल लागत रु.२ अर्ब ५ करोड रहेको छ। यस आयोजनाको आ.व. २०८१/८२ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकामा यस योजनाको वि.सं. २०८२ असार मसान्तसम्म प्याकेज १ को भौतिक तथा वित्तीय प्रगति क्रमशः ९८.० प्रतिशत र ८९.० प्रतिशत रहेको तथा प्याकेज-२ र प्याकेज-३ को भने निर्माण सम्पन्न भईसकेको छ। प्याकेज १ अन्तर्गत हाल २८ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौतीहरू

१. प्रदेशको भौगोलिक संरचना र समय समयमा आइरहने प्राकृतिक विपत्ति बाढी, पहिरो, भू-क्षय, आदिका कारण पूर्वाधार आयोजनाहरु समयमै सम्पन्न गर्नु र सम्पन्न भएका परियोजनाको दिगोपन सुनिश्चित गर्नु ।

२. प्राकृतिक प्रकोपबाट प्रभावित भईरहने हिमाली तथा पहाढी क्षेत्रका पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा निर्माणका लागि नीति बनाई कार्यान्वयन गर्नु ।

३. ठुला पूर्वाधार तथा परियोजना निर्माण सुरु गर्न आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दाको समर्थन जुटाउनु र जग्गा अधिग्रहण गर्ने कार्यलाई सहज बनाउनु ।

४. निर्माण कार्य सम्पन्न भएपश्चात् आयोजनाको निरन्तर अनुगमन, रेखदेख र मर्मत सम्भार गर्ने चुस्त दुरुस्त प्रणालीको विकास गर्नु साथै आयोजना सँग सम्बन्धित निकायहरु बिच प्रभावकारी समन्वय स्थापित गर्नु ।

५. स्थानिय स्तरमा दक्ष प्राविधिक जनशक्तिको विकास गरी आयोजनाको लागत घटाउनु तथा रोजगारी सिर्जना गर्नु ।

६. आयोजना निर्माण गर्न आवश्यक पर्ने सामाग्रीको उत्खनन्/प्रयोग सहज हुने वातावरण सृजना गर्नु ।

७. आयोजनाहरु (विशेषगरी सडक) बस्ती छोएर जानुपर्ने माग हुने तर बस्ती भएको स्थानमा धेरै विवाद हुने/स्वीकृत डिजाइन भन्दा फरक माग राखी स्थानीय बासिन्दाहरूबाट निर्माण कार्यमा पटक पटक हुने अवरोधको दीर्घकालिन निकास खोज्नु ।

### ६.२.२ सम्भावनाहरू

१. यस प्रदेशमा रहेका देशकै ठुला र प्रचुर जलविधुत सम्भाव्यता भएका नदीहरूबाट जलविद्युत उत्पादन गरी स्वदेशमा उर्जा आपूर्ति गर्न तथा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने सरकारको राष्ट्रिय लक्ष्य हासिल गर्न सकिने ।

२. यस प्रदेशमा निर्माणाधीन रहेका पुष्पलाल मध्य पहाडी लोकमार्ग, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, कोशी राजमार्ग जस्ता सडक आयोजनाको निर्माण सम्पन्न भए पश्चात् बजारसम्मको पहुँचमा सुधार आउने भएकाले उक्त क्षेत्र आसपासका मानिसहरुको आर्थिक क्रियाकलाप बढ्ने ।

३. यस प्रदेशमा रहेका कोशी कोरिडोर, मेची राजमार्ग जस्ता उत्तर दक्षिण जोड्ने सडक सञ्जालहरु लाई दुई विशाल अर्थतन्त्र (भारत-चीन) जोड्ने महत्वपुर्ण व्यापारीक मार्गको रुपमा विकास गर्न सकिने ।

## ६.३ रोजगारी

### वैदेशिक रोजगारी

कोशी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्यामा १०.६ प्रतिशतले वृद्धि भएको छ। आ.व. २०८१/८२ मा यस प्रदेशका पुरुष १ लाख ५० हजार २ सय ८७ र महिला २७ हजार ३ सय ७२ गरी कुल १ लाख ७७ हजार ६ सय ५९ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस प्रदेशका पुरुष १ लाख ३७ हजार ५२ र महिला २३ हजार ६ सय २० गरी कुल १ लाख ६० हजार ६ सय ७२ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका थिए।

**तालिका : ६.१ कोशी प्रदेशमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण**

| जिल्ला | आ.व. २०८०/८१ | | | आ.व. २०८१/८२ | | | वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| भोजपुर | ६४२७ | ८१५ | ७२४२ | ७०५८ | ९८९ | ८०४७ | ११.१२ |
| धनकुटा | ५५०९ | ८४९ | ६३५८ | ५९८१ | ९८४ | ६९६५ | ९.५५ |
| इलाम | ७३४७ | २१७४ | ९५२१ | ७७८० | २४०९ | १०१८९ | ७.०२ |
| झापा | २७८१६ | ६५४६ | ३४३६२ | ३११६९ | ७६३१ | ३८८०० | १२.९२ |
| खोटाङ | ७७७३ | ८१० | ८५८३ | ८१८६ | ९४२ | ९१२८ | ६.३५ |
| मोरङ | २६५८८ | ४५०९ | ३१०९७ | २९४८० | ५१८७ | ३४६६७ | ११.४८ |
| ओखलढुंगा | ४२६४ | ६८९ | ४९५३ | ४५५१ | ७९५ | ५३४६ | ७.९३ |
| पाँचथर | ५७२४ | ८४५ | ६५६९ | ५८३३ | ९३८ | ६७७१ | ३.०८ |
| संखुवासभा | ४५२६ | ६५४ | ५१८० | ४५१८ | ६५८ | ५१७६ | -०.०८ |
| सोलुखुम्बु | २५४३ | १००० | ३५४३ | २८३३ | ११३८ | ३९७१ | १२.०८ |
| सुनसरी | २१६०० | २३४९ | २३९४९ | २४४०६ | २७५४ | २७१६० | १३.४१ |
| ताप्लेजुङ | ३५९९ | ४६५ | ४०६४ | ३८८० | ६९७ | ४५७७ | १२.६२ |
| तेह्रथुम | ३०९० | ३३८ | ३४२८ | ३३१४ | ३९२ | ३७०६ | ८.११ |
| उदयपुर | १०२४६ | १५७७ | ११८२३ | ११२९८ | १८५८ | १३१५६ | ११.२७ |
| **जम्मा** | **१३७०५२** | **२३६२०** | **१६०६७२** | **१५०२८७** | **२७३७२** | **१७७६५९** | **१०.५७** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८२*

### प्रधानमन्त्री रोजगार कार्यक्रम

आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशका १४ जिल्लाका कुल १ लाख ६ हजार ६ सय १५ जना बेरोजगार व्यक्तिको रुपमा सूचीकृत भएकोमा १ हजार ९ सय २८ वटा आयोजनाबाट ९ हजार ९ सय ३० जनाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी प्राप्त गरेका छन्। रोजगारी प्राप्त गर्ने संख्याको आधारमा सबैभन्दा बढी मोरङ जिल्लाका १ हजार १ सय ३३ जनाले रोजगारी प्राप्त गरेका छन् भने सबैभन्दा कम तेह्रथुम जिल्लाका ३ सय ९४ जनाले रोजगारी प्राप्त गरेका छन्। त्यसैगरी सूचीकृत बेरोजगार व्यक्तिको तुलनामा रोजगारी प्राप्त गर्ने व्यक्तिको अनुपात पाँचथर जिल्लामा सबैभन्दा बढी २५.०३ प्रतिसत र मोरङ जिल्लामा सबैभन्दा कम ५.५६ प्रतिशत रहेको छ।

**तालिका ६.२ : रोजगार कार्यक्रम कार्यान्वयनको जिल्लागत अवस्था**

| जिल्ला | सूचीकृत बेरोजगार व्यक्तिको संख्या | रोजगारीमा खटिएको व्यक्तिको संख्या | बेरोजगारको तुलनामा रोजगारि अनुपात | रोजगारी वृद्धिदर |
|---|---|---|---|---|
| | २०८१/८२ | २०८१/८२ | २०८१/८२ | २०८१/८२ |
| इलाम | १०३२२ | ८६६ | ११.९२ | -१३.३१ |
| तेह्रथुम | ४३०६ | ३९४ | १०.९३ | -१.५० |
| संखुवासभा | ७९१४ | ८६४ | ९.१६ | १७.८७ |
| खोटाङ | ७०३३ | ७१४ | ९.८५ | -५.५६ |
| झापा | ५७१२ | ८८४ | ६.४६ | -८.०१ |
| मोरङ | ६२९४ | ११३३ | ५.५६ | -१६.०१ |
| भोजपुर | ९७६७ | ७०१ | १३.९३ | -८.३७ |
| उदयपुर | ५४५२ | ५५७ | ९.७९ | -१०.५९ |
| पाँचथर | १४३४० | ५७३ | २५.०३ | -२१.०७ |
| सोलुखुम्बु | ५०५९ | ५०९ | ९.९४ | -१७.९० |
| सुनसरी | ९१३६ | ९२७ | ९.८६ | -१४.०९ |
| ओखलढुङ्गा | ९३२६ | ७३५ | १२.६९ | -१८.६९ |
| धनकुटा | ५१८६ | ४७२ | १०.९९ | -१०.७८ |
| ताप्लेजुङ | ६७६८ | ६०१ | ११.२६ | -१३.७७ |
| **कुल** | **१०६,६१५.००** | **९,९३०.००** | **१०.७४** | **-१०.८७** |

*स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

## ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### ६.४.१ चुनौतीहरू

१. पछिल्ला वर्षहरुमा भएको अर्थतन्त्रको वृद्दिदरले वार्षिक रुपमा श्रम बजारमा प्रवेश गर्ने ठूलो संख्याका युवाहरुलाई रोजगारीका अवसर सिर्जना गर्न कठिन हुनु ।

२. उत्पादनमूलक उद्योगहरु न्यून क्षमतामा सञ्चालन भइरहेका तथा नयाँ उधोगहरुको विकास पनि सुस्त गतिमा भइरहेकाले ठूलो मात्रामा रोजगारी सिर्जना हुन नसक्नु ।

३. उपलब्ध युवा श्रमशक्ति सँग विद्यमान ज्ञान, सिप, दक्षता र बजारले खोजिरहेको श्रमशक्ति बिच आवश्यक तालमेल नमिल्नु ।

४. उद्योग र सेवा क्षेत्रसँग सम्बन्धित रोजगारीका अवसरहरु सहर केन्द्रित हुनु /ग्रामिण क्षेत्रका श्रमशक्तिमा कृषिमा आधारित लुकेको वेरोजगारी विद्यमान रहनु ।

५. भारतसँगको खुला सिमाना र श्रमिकहरु समेतको निर्वाध आवातजावतले स्वदेशी श्रम वजारमा उपलब्ध सिमित अवसरहरुमा समेत प्रतिस्पर्धा बढ्नु ।

### ६.४.२ सम्भावनाहरू

१. नँया प्रविधिमा आधारित साना उद्यमहरु (Starts Up), अनलाइन व्यवसायको बढ्दो आकर्षणका विच युवाहरुलाई उद्यमी बन्न प्रेरित गरेर रोजगारीका अवसरहरु वढाउन सकिने ।

२. यस प्रदेशमा सञ्चालित पुर्वाधार आयोजनाहरु, पुर्व पश्चिम लोकमार्ग, निजी क्षेत्रवाट सञ्चालन हुने परियोजनाहरु, आदिको निर्माणले अपेक्षित गति लिएमा रोजगारीका थप अवसरहरु सिर्जना हुने ।

३. यस प्रदेशमा उत्पादन हुने चिया, कफि, अदुवा, अलैंची, अकबरे खुर्सानी जस्ता नगदेवाली साथै बहुमूल्य जडिबुटिहरु लाई मूल्य अभिवृद्धि श्रृङ्खलामा आवद्ध गर्न सक्ने विशेषज्ञ जनशक्ति उत्पादन गरि निर्यात सम्भावना र रोजगारी बढाउन सकिने ।

४. कोशी भ्रमण वर्ष २०८२ मनाइरहेको सन्दर्भमा यस क्षेत्रका स्थानीय उत्पादन र ग्रामिण जीवनशैलीमा पर्यटकलाई जोड्नसके स्थानिय उद्यमी, गाइड, होमस्टे सञ्चालक, सांस्कृतिक प्रवर्धनका लागि रोजगारी सिर्जना गर्न सकिने ।

# परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति

१. आर्थिक वर्ष २०८१/८२ का लागि कोशी प्रदेश सरकारले कुल रु.३५ अर्ब २७ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार २०८२ असार मसान्तसम्म रु.२९ अर्ब १५ करोड खर्च भएको छ जुन कुल विनियोजनको ८२.६५ प्रतिशत हो । आ.व. २०८०/८१ मा विनियोजन भएको कुल बजेटको ७६.०५ प्रतिशत खर्च भएको थियो ।

२. आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च तर्फ विनियोजन भएको रु.१९ अर्ब ७ करोडमध्ये रु.१५ अर्ब ३२ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ८०.३४ प्रतिशत हो । अघिल्लो वर्ष यस्तो खर्च विनियोजित चालु खर्चको ७०.८९ प्रतिशत रहेको थियो । त्यसैगरी पुँजीगत खर्चतर्फ रु.१६ अर्ब २० करोड विनियोजन भएकोमा रु.१३ अर्ब ८३ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ८५.३७ प्रतिशत हो । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च विनियोजित पुँजीगत खर्चको ८०.१९ प्रतिशत रहेको थियो ।

३. कोशी प्रदेश सरकारले आ.व. २०८१/८२ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी रु.२० अर्ब ६३ करोड कुल राजश्व अनुमान गरेकोमा रु.१६ अर्ब ३ करोड राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ७७.७० प्रतिशत हो ।

४. आ.व. २०८१/८२ मा कोशी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब २६४ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८२ असार मसान्तसम्म कुल रु.१३ अर्ब ३१ करोड अनुदान प्राप्त गरेको छ। प्राप्त भएको अनुदान रकममध्ये सबैभन्दा बढी समानीकरण अनुदान रु.८ अर्ब २० करोड रहेको छ भने सबैभन्दा कम समपुरक अनुदान रु.६५ करोड रहेको छ ।

**तालिका ७.१ : कोशी प्रदेश सरकारको वित्त स्थिति**

| शीर्षक | आ.व. २०८०/८१ | | आ.व.२०८१/८२ | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०८०/८१ | २०८१/८२ |
| **कुल खर्च (रु. अर्ब)** | ३६.७४ | २७.९४ | ३५.२७ | २९.१५ | ७६.०५ | ८२.६५ |
| चालु खर्च | १६.३५ | ११.५९ | १९.०७ | १५.३२ | ७०.८९ | ८०.३४ |
| पुँजीगत खर्च | २०.३९ | १६.३५ | १६.२० | १३.८३ | ८०.१९ | ८५.३७ |
| **कुल राजश्व (रु. अर्ब)** | २०.४८ | १३.४२ | २०.६३ | १६.०३ | ६५.५३ | ७७.७० |
| **अनुदान प्राप्ति (रु. अर्ब)** | १६.२७ | १३.५३ | १४.६४ | १३.३१ | ८३.१६ | ९०.९२ |

*स्रोत : कोशी प्रदेश सरकारको बजेट वक्तव्य तथा प्रदेश लेखा नियन्त्रक कार्यालय*

## ७.२ कोशी प्रदेशका स्थानीय तहहरूको बजेट कार्यान्वयनको स्थिति*

१. कोशी प्रदेशमा रहेका स्थानीय तहहरूले आर्थिक वर्ष २०८०/८१ मा विनियोजित कुल बजेटको ७१.४१ प्रतिशत खर्च गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटको ६७.१२ प्रतिशत रकम खर्च गरेका छन् । आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरूले गरेको खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ७.६८ प्रतिशतले बढी हो ।

२. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित चालु खर्च बजेटको ८१.८१ प्रतिशत खर्च गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा विनियोजित चालु बजेटको ८०.५४ प्रतिशत रकम खर्च गरेका छन् । आ.व. २०८१/८२ मा स्थानीय तहहरूले गरेको चालु खर्च अघिल्लो आर्थिक वर्षको चालु खर्चको तुलनामा ५.४७ प्रतिशतले बढी हो ।

३. आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरूले विनियोजित पुँजीगत खर्चको ५४.९७ प्रतिशत खर्च गरेका छन् ।

**तालिका ७.२ : कोशी प्रदेशका स्थानीय तहको वित्त स्थिति (रकम रु. करोडमा)**

| शीर्षक | उप-शीर्षक | जम्मा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | | २०८१/८२ | | प्रगति | | वृद्धिदर |
| | | बजेट | वास्तविक | बजेट | वास्तविक | २०८०/८१ | २०८१/८२ | |
| कुल खर्च | **कुल खर्च** | **१०८८.५** | **७७७.२** | **१२४६.९** | **८३६.९** | **७१.४** | **६७.१** | **७.७** |
| | चालु | ५३७.७ | ४३९.९ | ५७६.१ | ४६४.० | ८१.८ | ८०.५ | ५.५ |
| | पुँजीगत | ५४१.८ | ३३०.५ | ६६०.२ | ३६२.४ | ६१.० | ५४.९ | ९.६ |
| | वित्तीय | ९.० | ६.८ | १०.६ | १०.६ | ७५.६ | ९९.९ | ५५.० |
| कुल प्राप्ती/आय | **कुल प्राप्ती** | **५६५.८** | **३५५.१** | **६०७.५** | **३८२.८** | **६२.८** | **६३.०** | ७.८ |
| | आन्तरिक स्रोतबाट प्राप्त | २६८.३ | १६२.८ | ३०६.७ | १८३.६ | ६०.७ | ५९.९ | १२.८ |
| | राजश्व बाँडफाँडबाट प्राप्त | २५०.२ | १५३.३ | २७६.७ | १८६.५ | ६१.३ | ६७.४ | २१.७ |
| | अन्य | ४७.३ | ३९.० | २४.१ | १२.६ | ८२.५ | ५२.३ | -६७.६ |
| अनुदान तथा हस्तान्तरण प्राप्त | **कुल अनुदान तथा हस्तान्तरण** | **४९६.८** | **४४५.६** | **६१६.९** | **५११.४** | **८९.७** | **८२.९** | १४.८ |
| | समानीकरण | १४३.० | १३३.६ | १४०.९ | १३०.० | ९३.४ | ९२.३ | -२.७ |
| | समपूरक | १६.३ | १४.७ | १८.५ | १५.७ | ८९.८ | ८५.१ | ७.१ |
| | विशेष | १७.० | ११.२ | २२.६ | १६.२ | ६६.२ | ७२.० | ४४.७ |
| | सशर्त | ३२०.५ | २८६.१ | ४३५.० | ३४९.४ | ८९.३ | ८०.३ | २२.१ |
| | अन्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ऋण | **कुल ऋण** | **३.२** | **१.८** | **१.०** | **०.०** | ५७.८ | ०.० | -१००.० |
| | बाह्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | आन्तरिक | ३.२ | १.८ | १.० | ०.० | ५७.८ | ०.० | -१००.० |

*स्रोत : सम्बन्धित स्थानीय तह*


**कोशी प्रदेशस्थित विराटनगर महानगरपालिका, इटहरी र धरान उपमहानगरपालिका र बजेट विनियोजनको आकारका आधारमा छनोट गरिएका दुई ठुला सुन्दर हरैँचा नगरपालिका र दमक नगरपालिका गरी ५ स्थानीय तहको आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को विनियोजित बजेट र वास्तविक उपलब्धिको आधारमा गरिएको विश्लेषण ।*

४. आर्थिक वर्ष २०८०/८१ मा उक्त स्थानीय तहहरूले विनियोजित पुँजीगत खर्चको ६१ प्रतिशत खर्च गरेका थिए । आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरूले गरेको पुँजीगत खर्च अघिल्लो वर्ष गरेको पुँजीगत खर्चको तुलनामा ९.६४ प्रतिशतले बढी हो ।

५. आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशका स्थानीय तहहरूले बजेटमा अनुमानित राजश्वको ६२.७६ प्रतिशत राजश्व रकम परिचालन गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा अुनमानित राजश्वको ६३.०१ प्रतिशत रकम परिचालन गरेका छन् । आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहहरूले परिचालन गरेको राजश्व अघिल्लो वर्ष परिचालन गरेको राजश्वको तुलनामा ७.८० प्रतिशतले बढी हो । आर्थिक वर्ष २०८०/८१ को बजेटमा राजश्व अन्तर्गत आन्तरिक राजश्वबाट प्राप्त हुने अनुमानित रकमको ६०.६८ प्रतिशत राजश्व परिचालन गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा अनुमानित आन्तरिक राजश्वको ५९.८८ प्रतिशत रकम परिचालन गरेका छन् । त्यसैगरी आर्थिक वर्ष २०८०/८१ मा संघीय सरकार र प्रदेश सरकारबाट राजश्व अन्तर्गत प्राप्त हुने राजश्व बाँडफाँड बापतको रकम बजेटमा प्रक्षेपण गरिएको तुलनामा ६१.२६ प्रतिशत परिचालन गरेकोमा आर्थिक वर्ष २०८१/८२ मा प्रक्षेपित राजश्व बाँडफाँडको ६७.४३ प्रतिशत रकम परिचालन गरेका छन् । आर्थिक वर्ष २०८१/८२ मा राजश्व बाँडफाँड बापत प्राप्त हुने राजश्व अघिल्लो वर्ष राजश्व बाँडफाँड बापत प्राप्त भएको राजश्वको तुलनामा २१.७० प्रतिशतले वृद्धि भएको छ ।

६. आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशका स्थानीय तहहरूले संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा सबैभन्दा धेरै ६८.३३ प्रतिशत रहेको छ । त्यसैगरी समानीकरण अनुदानको हिस्सा २५.४२ प्रतिशत, विशेष अनुदानको हिस्सा ३.१८ प्रतिशत र समपुरक अनुदानको हिस्सा ३.०७ प्रतिशत रहेको छ ।

**चार्ट ७.१ : आ.व. २०८१/८२ मा कोशी प्रदेशका स्थानीय तहको कुल प्राप्तिको संरचना**




*स्रोत : सम्बन्धित स्थानीय तह*

७. आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशका स्थानीय तहहरूले राजश्व र अनुदान बापत परिचालन गरेको कुल प्राप्तिमा अनुदान तथा हस्तान्तरणको हिस्सा ५४.५६ प्रतिशत, आन्तरिक स्रोतबाट प्राप्त राजश्वको हिस्सा २४.९४ प्रतिशत, राजश्व बाँडफाँड बापत प्राप्त भएको राजश्वको हिस्सा १८.८९ प्रतिशत र अन्य आयको हिस्सा १.६० प्रतिशत रहेको छ ।

८. आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशका स्थानीय तहहरूले वैदेशिक ऋण परिचालन गरेको देखिएको छैन भने आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहहरूले रु.१ करोड ८० लाख आन्तरिक ऋण परिचालन गरेकोमा आ.व.२०८१/८२ मा आन्तरिक ऋण परिचालन गरेको देखिदैन ।


### ७.३ कोशी प्रदेशका स्थानीय तहको आ.व. २०८२/८३ को बजेट

१. आ.व. २०८२/८३ मा कोशी प्रदेशमा रहेका १३७ स्थानीय तहहरुले अघिल्लो आर्थिक वर्ष को विनियोजित बजेटमा ४ प्रतिशतले वृद्धि गरी कुल रु.९६ अर्ब ६६ करोड ४० लाख बजेट विनियोजन गरेका छन् ।

२. आ.व. २०८२/८३ का लागि कोशी प्रदेशस्थित विराटनगर महानगरपालिकाले रु.४ अर्ब ४० लाख बजेट विनियोजन गरेको छ । जुन अघिल्लो आर्थिक वर्ष विनियोजन गरेको बजेट भन्दा १४.४० प्रतिशतले बढी हो । कोशी प्रदेशका सबै स्थानीय तहको कुल बजेटमा विराटनगर महानगरपालिकाको हिस्सा ४.१४ प्रतिशत रहेको छ । त्यसैगरी कोशी प्रदेश स्थित इटहरी उपमहानगरपालिकाले रु.२ अर्ब ५५ करोड २० लाख बजेट विनियोजन गरेको छ । जुन अघिल्लो आर्थिक वर्ष विनियोजन गरेको बजेट भन्दा २८.६७ प्रतिशतले कम हो र धरान उप-महागनरपालिकाले रु.२ अर्ब २० करोड ९० लाख बजेट विनियोजन गरेको छ । जुन अघिल्लो आर्थिक वर्ष विनियोजन गरेको बजेट भन्दा २८.०५ प्रतिशतले बढी हो । यी दुई उप-महानगरपालिकाले विनियोजन गरेको बजेट कोशी प्रदेशका सबै स्थानीय तहको कुल बजेटको ४.९२ प्रतिशत रहेको छ ।

३. आ.व. २०८२/८३ मा कोशी प्रदेशमा रहेका ४६ नगरपालिकाहरूले अघिल्लो वर्ष विनियोजन गरेको बजेटमा ३.०९ प्रतिशतले वृद्धि गरी रु.४१ अर्ब ९८ करोड बजेट विनियोजन गरेका छन् भने ८८ वटा गाउँपालिकाहरुले अघिल्लो वर्ष विनियोजन गरेको बजेटको तुलनामा ५.७१ प्रतिशतले वृद्धि गरी रु.४५ अर्ब ९१ करोड ८० लाख बजेट विनियोजन गरेका छन् ।

**चार्ट ७.२ :कोशी प्रदेशका स्थानीय तहको बजेट आकार**




*स्रोत : सम्बन्धित स्थानीय तह*

# परिच्छेद ८ : आर्थिक परिदृश्य

## समग्र आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा तराई क्षेत्रमा मनसुन ढिला भएकोले धान खेती लगायत समग्र वर्षे बाली प्रभावित भएकोले कृषि उत्पादनको वृद्धिदरमा केही नकारात्मक असर परेको छ। त्यसैगरी २०८२ भदौ २३ र २४ मा जेन्जी आन्दोलनको क्रममा अर्थतन्त्रमा केही क्षति भएको छ। तत्पश्चात् तत्काल बनेको नयाँ सरकारले शान्ति-सुरक्षा कायम गरेको, सुशासन र संस्थागत सुधारलाई प्राथमिकतामा राखेको, पुनर्निर्माण कार्यलाई प्रोत्साहित गर्न सहुलियतको व्यवस्था गरेको, आन्दोलनबाट प्रभावित व्यवसाय सञ्चालनको लागि विभिन्न प्रकारका राहत र सुविधाका व्यवस्थाहरू गरिएकाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दै गएको छ। समग्र अर्थतन्त्रमा पर्ने उपरोक्त प्रभाव कोशी प्रदेशको आर्थिक गतिविधिमा समेत प्रतिबिम्बित हुने देखिन्छ। विगत केही समयदेखि मुद्रास्फीति न्यून रहेको र यस अविधिमा समेत आयातित मूल्य घट्दो क्रममा रहेकोले उपरोक्त परिस्थितिको बाबजुद समग्र उभोक्ता मुद्रास्फीति लक्षित सीमाभित्र रहने अनुमान छ। स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवालाहरूसँग गरिएको छलफल तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधिमा सुधार हुने अनुमान रहेको छ।

## ८.१ कृषि उत्पादन

चालु आर्थिक वर्षमा धानखेती गर्ने समयमा पर्याप्त वर्षा नभएकोले रोपाई भएको क्षेत्रफलमा कमी आएको तथा विभिन्न समयमा आईरहने बेमौसमी बर्षा तथा बाढीपहिरोका कारण धानको उत्पादन घट्ने देखिन्छ। गहुँ खेती गर्ने किसानहरू हाइब्रिड मकै खेतीप्रति आकर्षित हुने क्रम यथावत रहेकाले मकैको उत्पादनमा वृद्धि हुने र गहुँको उत्पादनमा कमी हुने देखिन्छ। त्यसैगरी विभिन्न स्थानीय तहहरूमा कोदो प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन भएकोले कोदोको उत्पादन बढ्ने देखिन्छ। नेपालको मध्य पहाडी भुगोल कफी खेतीका लागि उपयुक्त रहेको र स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा समेत नेपाली कफीको माग उच्च रहेकाले किसानहरु कफी खेती प्रति आकर्षित भइरहेका छन्। साथै अन्तर्राष्ट्रिय बजारमा अर्गानिक चियाको मागमा वृद्धि भएको तथा चियाको क्षेत्रफलमा वृद्धि भएकाले चियाको उत्पादनमा समेत वृद्धि हुने अनुमान छ। यस प्रदेशमा किवि, सुन्तला, एभोकाडो जस्ता फलफूलहरुको जोन कार्यकम सञ्चालन भएको तथा आधुनिक फलफूल प्रशोधन उद्योग स्थापना हुने क्रम बढेकाले फलफूलको उत्पादन बढ्ने अनुमान छ। पशुपन्छीमा लाग्ने खोरेत रोग तथा अन्य महामारी नियन्त्रणका लागि सघन रुपमा खोप, जैविक सुरक्षा तथा असल पशुपालन अभ्यास जस्ता कार्यक्रम सञ्चालन हुने भएकाले दुध तथा मासुको उत्पादन बढ्ने देखिन्छ।

## ८.२ औद्योगिक उत्पादन

आ.व. २०८१/८२ वर्षमा भारत सरकारले भटमासको तेलमा लगाएको प्रतिबन्ध फुकुवा गरेको साथै अन्तराष्ट्रिय बजारमा उच्च माग बढेको कारणले भटमासको तेलको तथा तोरीको तेलको उत्पादनमा उच्च वृद्धि हुने देखिन्छ। चालु आर्थिक वर्षमा पनि पूर्वाधार तथा भवन निर्माण कार्यमा विस्तार हुने देखिएको हुँदा सिमेण्ट तथा फलामको छड पत्ति उद्योगहरूको

उत्पादनमा वृद्धि हुने देखिन्छ । त्यसैगरी सरकारले दुध उत्पादक किसान तथा उखु किसानको बक्यौता रकम भुक्तानी गरेको हुँदा दुग्धजन्य पदार्थ उत्पादन वृद्धि हुने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

बैंक तथा वित्तीय संस्थाहरूको उपस्थितिले यस प्रदेशको सबै स्थानीय तहमा वित्तीय पहुँच पुगेको, ग्रामीण क्षेत्रमा समेत वित्तीय चेतनाको स्तर बढ्दै गएको, मोबाइल र इन्टरनेटको प्रयोग समेत बढ्दै गएकोले डिजिटल बैंकिङ्ग कारोबारमा वृद्धि हुने देखिन्छ । देशमा विकसित भईरहेका राजनैतिक घटनाक्रमहरुका कारण विभिन्न देशहरुले नेपाल भ्रमण गर्ने आफ्नो नागरीकका लागि जारी गरेको ट्राभल एडभाइजरी र बिभिन्न समयमा आईरहने बाढी पहिरोको कारण सडक संरचना लगायतका पूर्वाधारमा हुनसक्ने क्षतिले गर्दा आन्तरिक र वाह्य पर्यटकको संख्यामा कमी आउनुका साथै होटल तथा रेष्टुरेन्ट व्यवसायमा समेत यसले नकरात्मक प्रभाव पार्ने देखिन्छ । यस प्रदेशमा सरकारी/सामुदायिक विद्यालयहरूको संख्या घटेपनि नयाँ संस्थागत/निजी विद्यालय र कलेजहरू तथा प्राविधिक विद्यालयहरूको उपस्थितिले दक्ष र सक्षम जनशक्ति उत्पादन गर्ने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

चालु आर्थिक वर्षमा कोशी प्रदेशमा १३४.२ मेगावाट विद्युत थप उत्पादन भएको र जलविद्युतका परियोजनाहरू निर्माणाधीन अवस्थामा रहेको साथै विद्युत प्रसारण लाइनको विस्तार कार्य पनि सम्पन्न हुने चरणमा रहेको हुँदा विद्युत आपूर्ति बढ्ने देखिन्छ । कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य मार्फत बहुबर्षिय सडक पुर्वाधार तथा सहरी विकासका लागि १० अर्व ५७ करोड ५१ लाख वजेट विनियोजन गरेकाले उक्त बजेट कार्यान्वयनबाट यस क्षेत्रमा विभिन्न पूर्वाधार निर्माण तथा रोजगारी सृजना हुने देखिन्छ ।